का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ माघ २०७८,
मंगलबार
08 February 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।



# वैशाख ३० मा स्थानीय चुनाव

## ■ प्रमुख प्रतिपक्षी एमालेको स्वागत ■ निर्वाचन आयोग तयारीमा जुट्यो

संविधानले स्थानीय तह जनप्रतिनिधिविहीन हुने कल्पना नगरेका कारण निर्वाचन आयोगले प्रस्तावित गरेको मिति अगावै चुनाव गर्ने निर्णय सरकारले गरेको हो ।

- जनप्रतिनिधिको कार्यकाल छोटियो
- मतदाता नामावाली संकलन बन्द
- डेढ सातामा मतदाता नामावलीलाई अन्तिम रुप दिइने
- निर्वाचन गराउन करिब १२ अर्ब रुपैयाँ बजेट आवश्यक
- आयोगले माग्यो आवश्यक सामग्रीको विवरण



*प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकमा सहभागी प्रधानमन्त्री शेरबहादुर देउवा र मन्त्रीगण । तस्वीर : रोशन सापकोटा, रासस*

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २४ माघ

सरकारले स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० गते गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रीपरिषद् बैठकले सो निर्णय गरेको हो। निर्वाचन आयोगले एकै चरणको चुनावका लागि वैशाख १४ र दुई चरणमा गर्ने भए १४ र २२ वैशाखको मिति सिफारिस गरेको थियो। तर सत्तारुढ गठबन्धनले निर्वाचन आयोगको सिफारिस अगावैको मिति तय गरेको छ।

संविधानले स्थानीय तह जनप्रतिनिधिविहीन हुने कल्पना नगरेको कारण निर्वाचन आयोगले प्रस्तावित गरेको मिति अगावै चुनाव गर्ने निर्णय भएको कानूनमन्त्री दिलेन्द्र बडुले जानकारी दिए । 'सरकारले कानुनी र व्यवहारिक पक्ष मिलाउन वैशाख – बाँकी पृष्ठ २ मा

### स्थानीय जनप्रतिनिधिको कार्यकाल छोटियो

सरकारले आगामी बैशाखका लागि निर्वाचनको मिति तय गरेसँगै ४७० पालिकाका जनप्रतिनिधिको कार्यकाल भने छोटिएको छ। स्थानीय तहका ७५३ वटा पालिकामध्ये २८३ पालिकाका जनप्रतिनिधिको मात्र पाँच वर्षे कार्यकाल पूरा हुनेछ । दोस्रो चरणमा निर्वाचन भएका प्रदेश १, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका ३५ जिल्लाका ३३४ पालिकामा जनप्रतिनिधिको १० दिन अगावै कार्यकाल सकिनेछ ।

यस्तै तेस्रो चरणमा असोज २ मा निर्वाचन भएको मधेस प्रदेशका १३६ पालिका जनप्रतिनिधिहरु – बाँकी पृष्ठ २ मा

### आयोगको तयारी

निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनका लागि आवश्यक विवरण माग गर्ने विषयमा समन्वयका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरेको छ । स्थानीय तहको निर्वाचनको मिति घोषणा भएलगत्तै आयोगले आवश्यक पर्ने भवन, परिवहनका साधन, फर्निचर वा अन्य भौतिक साधनको अवस्था तथा व्यवस्थापनका लागि पत्राचार गरेको हो । निर्वाचनको सञ्चालन तथा व्यवस्थापन गर्न विवरण एकीकृत गरी यही माघ मसान्तभित्र अनिवार्य रुपमा आयोगमा उपलब्ध गराउन आयोगले आग्रह गरेको छ ।

निर्वाचन आयोगले आगामी डेढ सातामा मतदाता नामावलीलाई अन्तिम रूप दिने जनाएको छ। अघिल्लो पटक करिब आठ अर्ब – बाँकी पृष्ठ २ मा

## मन्त्रालयको विज्ञप्तिमा व्यवसायी असन्तुष्ट

# 'वर्गीकरणको तयारी नरोके प्रतिवाद'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ

वैदेशिक रोजगार क्षेत्रमा क्रियाशील प्रमुख दुई संगठनले म्यानपावर कम्पनीको वर्गीकरण स्वतन्त्ररूपमा पेशा व्यवसाय गर्न पाउने कानूनी तथा संवैधानिक हक विपरीत रहेको दाबी गरेका छन् । आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वर्गीकरणलाई कानूनसम्मत भनेको थियो ।

त्यसको भोलिपल्ट सोमबार विज्ञप्ति जारी गर्दै सत्तारूढ नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र प्रमुख प्रतिपक्षी नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले म्यानपावर कम्पनीको वर्गीकरणको तयारी सिण्डिकेट खडा गर्ने नियतले गरिएको दाबी गरेका छन् ।

मन्त्रालयले आइतबार मर्यादित, इमानदारी, अनुशासित र पारदर्शीरूपमा काम गर्ने र गैरकानूनी रूपमा व्यवसायीबीच फरक हुनु स्वाभाविकै रहेको भन्दै वैदेशिक रोजगार ऐनको दफा ५ र वैदेशिक रोजगार नियमावलीको दफा ३ बमोजिम व्यवसाय गर्न स्वीकृत प्राप्त संस्थाहरूमध्ये कुन व्यवसायीले कसरी काम गरेको छ भनी आधार खोजी गर्नु कुनै अनौठो कुरा नभई प्रचलित कानूनबमोजिम भएको जिकिर गरेको थियो ।

मन्त्रालयको उक्त स्पष्टीकरणमा असहमति जनाउँदै मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'वर्गीकरण गैरकानूनी र सिण्डिकेटको लागि रचिएको प्रपञ्च भएको मञ्चको ठहर छ । बायोमेट्रिक सिण्डिकेटधारी नेपाली र मलेसियाका विवादास्पद व्यापारीको योजनामा मन्त्रालयले सिण्डिकेटलाई कानूनी – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### त्रिपलस्टारले अलपत्र आठ जनालाई फर्कायो



**काठमाडौं / मस-** काठमाडौंको टोखास्थित ट्रिपलस्टार इम्प्लोइमेन्ट प्रालिले यूएईबाट आठ जनालाई नेपाल ल्याएको छ । पर्यटन भिसामा यूएई पठाएको समाचार सार्वजनिक भएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री – बाँकी पृष्ठ २ मा

# अप्ठ्यारोमा प्रचण्ड



माघ २८-२९ गते बस्ने केन्द्रीय समिति बैठकमा एमसीसी मुख्यालयलाई देउवा र दाहालले संयुक्तरुपमा पठाएको पत्रबारे प्रश्न उठ्ने भएको छ ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २४ माघ

नेकपा माओवादी केन्द्रले अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)बारे केन्द्रीय समिति बैठकले थप धारणा बनाउने बताएको छ । आगामी माघ २८-२९ मा माओवादीको केन्द्रीय समिति बैठक बस्दै छ । आइतबार प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयुक्तरुपमा एमसीसी पारित गर्ने प्रतिबद्धता जनाउँदै एमसीसी मुख्यालयलाई पठाएको पत्र सार्वजनिक भएपछि माओवादी केन्द्रमा विवाद बढेको छ ।

एमसीसीका विषयमा दोहोरो नीति लिएपछि प्रचण्ड स्वयं अप्ठ्यारोमा परेका छन् भने पार्टीमा पनि अन्योलता सिर्जना भएको छ। प्रचण्डले यसअघि यथास्थितिमा एमसीसी पारित गर्न सकिँदैन – बाँकी पृष्ठ २ मा


## बिज्ञप्ती

केहि दिन देखि बैदेशिक रोजगारमा कामदार पठाउने संस्थाहरुको वर्गिकरण र मलेसिया सिन्डिकेटका विषयमा विभिन्न पत्र पत्रिका एवं सामाजिक सन्जालमा आएका भ्रमपूर्ण समाचार प्रति यस **नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार व्यवसायी एशोसिएसनको ध्यानआकृष्ट भएको छ ।**

मौजुदा ३० लाखमा बैंक ग्यारेन्टी र नगद धरौटी सहित कामकाज संचालन गर्दै आएका म्यानपावर कम्पनीहरुलाई अघिल्लै सरकारका पालामा बैंक ग्यारेन्टी र नगद धरौटीमा असाधारण बृद्धि गरी रु २ करोड, ४ करोड, र ६ करोडको व्यवस्था गरी करिव १५ सयको हाराहारीबाट ८ सय ५४ कम्पनीहरु अस्तिवमा रहेको कुरा विदितै छ। **अब फेरी के को वर्गिकरण हो ?** एकातिर असाधारण रुपमा गरि एको धरौटी बृद्धि र अर्कोतिर कोभिड १९ का कारण आर्थिक रुपमा थलापरेका व्यवसायीहरु करिव ४ बर्ष अगाडी देखि बन्द रहेको मलेसिया कामदार पठाउने प्रकृया सुचारु हुन लागेको समाचारले केहि राहतको महसुस गरिरहेको बेला **पून : म्यानपावर कम्पनी वर्गिकरण र मलेसिया सिन्डिकेटको विषयलाई** केहि बिचौलीया र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समेत नाम जोडेर समाचारहरु सम्प्रेषण भईरहनुलाई दुभाग्यपूर्ण ठहर गर्दछौ। व्यवसायीक संस्थाका प्रतिनिधिहरु र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रिज्यू संग पटक-पटक को छलफलमा सम्पूर्ण व्यवसायी र कामदारहरुको हित मेरो मुल मन्त्र हो भन्ने आश्वासन प्राप्त हुने तर मोफसलका समाचारहरुबाट मन्त्रालयको भनाई र गराई संग बेमेल गराएर **मन्त्रालयको छवि धमिल्याउन खोज्नु गम्भिर सोधखोजको विषय बनेको छ ।**

स्मरण रहोस 29 October 2018 मा सम्पन्न कार्यदलको पहिलो बैठकले नै मलेसियाका रोजगारदाताले नेपालका इजाजत प्राप्त जुन सुकै म्यानपावर कम्पनीबाट कामदारहरु लिन सक्ने भन्ने निर्णय भएको र नेपाल र मलेसिया बिच भएको श्रम सम्झौताले पनि कुनै किसिमको सिन्डिकेट या एकाधिकारको परिकल्पना नगरेकोले यस्ता कपोलकल्पीत र दिग्भ्रमित समाचारहरु प्रसारण गरि/गराई **आफनो अभिष्ट पुरा गर्न पल्केका बिचौलियाहरुको दिवालीयापनलाई निरुत्साहित पारि** स्वच्छ प्रशासनको अनुभूति दिलाउने व्यवस्थाका लागि नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय समक्ष हार्दिक अनुरोध गर्दै सम्पूर्ण म्यानपावर कम्पनीहरुलाई वर्गिकरणको फन्दामा नपारी स्वतन्त्र रुपमा मलेसिया कामदार पठाउन पाउने वाताबरणको श्रृजना हुन जोडदार माग गर्दछौ। अन्यथा श्रम सम्झौता विपरित भए गरेमा बृहत व्यवसायी भेला मार्फत उचित निर्णय लिईने ब्यहोरा समेत अनुरोध गर्दछौ।

**नरेन्द्र प्रसाद ढकाल**
**अध्यक्ष**
**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन**
**नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१-४४६६४२८**



## प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मंच नेपालद्वारा जारी

## विज्ञप्ति

देशको अर्थतन्त्रमा २९% योगदान रहेको वैदेशिक रोजगार क्षेत्र कोभिड-१९ ले तहसनहस गरेको छ । यसको असर हाम्रो देशमा भित्रीने विप्रेषणमा गम्भीर धक्का लागेको छ। राज्यले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई सहज ढंगले वैदेशिक रोजगारीमा जान निजी क्षेत्रसँग सहकार्य गर्दै वैदेशिक रोजगार ऐन-२०६४, नियमावली र विद्यमान कानूनी परिधिभित्र रहेर इजाजत-पत्र प्राप्त व्यवसयीले विश्वभर रोजगारी पठाउने कार्य गर्दै आएको छ । वैदेशिक रोजगार क्षेत्रमा क्रियाशील व्यवसायीहरु कोभिड महामारी, राज्यको निति नियम र गलत नियतको कारण ब्यावसाय बाट पलायन हुने अबस्थामा पुर्याइएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले म्यानपावर कम्पनीको वर्गीकरण गर्न तथा कार्यबिधि तयार गर्न मन्त्रालयका सहसचिव राजीव पोखरेलको संयोजकत्वमा कार्यदल गठन गरेको प्रति प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको गम्भीर ध्यानाकर्षण र आपत्ति व्यक्त गर्दछौं । साथै मिति २०७८/१०/२३ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बाट जारी प्रेस बिज्ञप्तीको ब्यहोरा '**वर्तमान सरकार गठन भई मा.कृष्ण कुमार श्रेष्ठ तथा सचीव श्री एक नारायण अर्याल यस मन्त्रालयमा बहाली पछि स्वदेशी तथा वैदेशिक रोजागारीको क्षेत्रमा सुधार गरि सुरक्षित भरपर्दो,निश्पक्ष पारदर्शी मर्यादीत र न्यायिक ब्याबसायको रुपमा बिकास गर्ने र कोहि पनि निर्धन र निमुखा सर्वसाधारणहरु कसै बाट ठगीनु नपरोस् भन्ने उद्देश्य बाट प्रेरित भइ काम भइरहेको बिषय सबैमा जानकारीनै छ। त्यसै सिलसिलामा मर्यादित इमानदारी अनुसाशित र पारदर्शी रुपमा काम गर्ने वैदेशिक रोजगार ब्याबसाय र गैर कानुनी रुपमा ढाटछल बाट आफनो ब्याबसाय गर्ने ब्याबसायी बिचमा फरक हुनु स्वाभाविकै हुने हुदा वैदेशिक रोजगार ऐन-२०६४ को दफा ५ एबम वैदेशिक रोजगार नियमावली २०६४को नियम तथा सो अनुसारको अनुसुची १ मा ब्याबस्था भए बमोजिम ब्याबसाय गर्न स्वीकृत प्राप्त संस्थाहरु मध्य कुन ब्याबसायले कसरी काम गरेको छ भनी आधार खोजी गर्नु कुनै अनौठो कुरा नभई प्रचलित कानुन बमोजिम वैदेशिक रोजगारी सङ समन्धित संस्था कम्पनी सङ सल्लाह र छलफल गरि मुल्यांकन प्रक्रिया अगाडि बढाउन खोजिएको ब्यहोरा जानकारी गराउन चाहन्छौं ।**' गैरकानुनी र सिण्डिकेटको लागि रचिएको प्रपन्च भएको हाम्रो मंचको ठहर छ । बायोमेट्रिक सिण्डिकेटधारी नेपाली र मलेशियाका बिबादास्पद ब्यापारीको योजनामा मन्त्रालयले सिण्डिकेटलाई कानुनी आधार तयारपार्ने काममा उद्दत देखिन्छ ।

वैदेशिक रोजगार ऐन-२०६४ को दफा ५ संस्था छनौटः-(१) '**कुनै बिदेशी मुलुक वा रोजगारदाता संस्थाबाट नेपाल सरकारलाई कामदार छनौट गरि पठाउन अनुरोध भई आएमा नेपाल सरकारले खुला प्रतिस्पर्धाका आधारमा इजाजत-पत्र वाला संस्था छनौट गरि त्यस्तो संस्था मार्फत कामदार पठाउन सक्नेछ ।**' भन्ने ऐन/नियमावली र अनुसूचीलाई गलत ब्याख्या गरि आफ्नो स्वार्थ पुरा गर्न केही ब्यावसायीलाई राम्रो ब्यबसाय हुन भनी वर्गीकरण गर्ने र त्यसबाट ठुलो आर्थिक लाभ लिन रचिएको योजना हो भन्ने प्रष्ट छ ।

राम्रो काम गर्ने ब्याबसायी लाई पुरस्कृत र नराम्रो काम गर्ने लाई दण्डित गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो । दोषीलाई कारबाही गर्न वैदेशिक रोजगार ऐन २०६४ को दफा ४३ देखि ५९ सम्म कसुर र दण्ड सजायको कडा व्यवस्था गरिएको छ। साथै, राम्रो काम गर्ने व्यवसायीलाई सोही ऐनको दफा ७१ मा पुरस्कारको व्यवस्था गरिएको छ। वैदेशिक रोजगार व्यवसाय गर्ने कम्पनीले ऐन विपरित काम गरेको भए त्यस्ता व्यवसायीलाई कानूनी कारबाहीको दायरा ल्याउन हामी सहयोग गर्न तयार छौं । तर ऐन/नियामावलीको गलत व्याख्या गरी आफ्नो अभिष्ट पूरा गर्न बर्गीकरण कार्य गरिँदैछ त्यो कानुन विपरित र सिन्डिकेट लागू गर्न तयार गरिएको षड्यन्त्र हो ।

वैदेशिक रोजगारमा पठाउने कम्पनीहरु ऐनको नजरमा समान छन । यसको वर्गीकरण गर्नु कानून विपरित भएकोले उक्त प्रक्रिया तुरुन्तै फिर्ता लिन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र माननीय मन्त्री ज्युलाई अनुरोध गर्दछौ । साथै हाम्रो मागलाई बेवास्ता गरेर वर्गीकरण गरी सिण्डिकेट लाद्न खोजिए कडा विरोध र प्रतिवादमा उत्रन बाध्य हुनेछौं ।

**राजेन्द्र भण्डारी**
**कार्यबाहक अध्यक्ष**
**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
**पिंगलास्थान, गौशाला, काठमाडौं, फोनः ०१-४४६४३०१, ४४६४७२६**

मध्यान्ह
www.madhyanhadaily.com
२५ माघ २०७८, मंगलबार
08 February 2022, Tuesday

# संसदीय समितिमा भूपु गोर्खा र एमसीसीबारे छलफल

**काठमाडौं/मस-** संसदीय समितिमा मुलुकको कूटनीति अवस्था, मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी), अवैतनिक दूतबाट हुँदैआएको निलो प्लेट सवारी साधनको प्रयोग र भूतपूर्व गोर्खा सैनिकका समस्यालगायत विषयमा सदस्यहरूले आवाज उठाएका छन्।

प्रतिनिधिसभा अन्तर्राष्ट्रिय सम्बन्ध समितिको सोमबारको बैठकमा सदस्यले मुलुकमा आम चासोको विषय बनेको एमसीसीबारे सरकार र राजनीतिक दलबाट जनतालाई स्पष्ट पार्न आवश्यक रहेको बताएका हुन्। सो अवसरमा समिति सभापति पवित्रा खरेल निरौलाले सारा नेपाली जगरुक भएर हेरिरहेको एमसीसीका विषयमा सांसद र समिति अनविज्ञ भएर बस्न नहुने भएकाले सरकार र राजनीतिक दललाई यस विषयमा



प्रष्ट पार्न सुझाव दिए।

उनले भने, 'एमसीसीका विषयमा हामीले अनविज्ञ भएर बस्ने शोभनीय हुन्न, हामीले राष्ट्रहितमा काम गर्नुपर्छ, मुलुक र जनताको हितमा धब्बा लगाउने काम गर्नहुन्न।' समिति सदस्य एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले परराष्ट्रनीति, सुरक्षानीति, कूटनीतिलगायत विषयमा कम्तीमा पनि संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलबीचमा राष्ट्रिय सहमति र साझा धारणा आवश्यक रहेको बताए।

उनले भने, 'पार्टीकाबीचको साझा धारणाका आधारमा नीति तर्जूमा गरौं, राष्ट्रिय आवाजका आधारमा अरु सरकारसँग कुराकानी गरौं, त्यो सम्भव हुन सकिरहेको छैन, भूपु गोर्खाका सन्दर्भमा पनि विगतका सम्झौता पुराना भएकाले नयाँ सम्झौता गरेर जानुपर्छ।'

समिति सदस्य भूपु गोर्खासम्बन्धी समस्या समाधानका लागि सरकारले जुन गतिमा काम गर्ने पर्थ्यो त्यो नभएको प्रतिक्रिया दिए। उनले भने, 'एमसीसीलगायत मुलुकका जल्दाबल्दा विषयमाथि सदनमा गहन छलफल आवश्यकता रहेकाले छलफलका लागि प्रमुख प्रतिपक्ष दलबाट बाटो खोल्न पर्‍यो। अन्योलको स्थिति अन्त्य हुनुपर्छ, अनुमोदन गर्ने वा नगर्ने अधिकार र दायित्व संसद्को हो।'

पूर्वउपप्रधानमन्त्री एवं समिति सदस्य भीमबहादुर रावलले कतिपय अवस्थामा लथालिङ र भताभुङ्ग देखिएको हाम्रो कूटनीतिलाई ठिक मार्गमा ल्याउन राजनीतिक दल, सरकार र समितिले मेहनत गर्नुपर्ने आवश्यकता औंल्याए। उनले भने, 'राष्ट्रिय स्वाधिनता र राष्ट्रियहितका लागि छिमेकीलगायतसँग निर्धक्ककासाथ समयमै छलफल गरी बोल्नुपर्छ, भूपु गोर्खाका विषयमा तत्काल उच्चस्तरीय समिति गठन गरेर पहल होस्, एमसीसी राष्ट्रियहितको पक्षमा छैन।' सदस्य दीपकप्रकाश भट्टले नेपाली राजदूत सिफारिस र नियुक्तीमा परराष्ट्र सेवामा रहेका अनुभविलाई प्राथमिकतामा राख्न सुझाव दिए। उनले भने, 'कर्मचारीले अघि सारेको एमसीसीलाई राजनीतिक दलले बुझेर वा नबुझेरपछि लागेका छन्, पछिल्ला पत्राचार राजनीतिको गैर कूटनीति अभ्यासका रुपमा लिन सकिन्छ।'

# अवैध घरेलु मदिरा प्रहरीद्वारा नष्ट

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ माघ

रौतहट सदरमुकाम गौरस्थित बसपार्कमा रहेको अस्थायी प्रहरी चौकीबाट खटिगएको प्रहरी गस्ती टोलीले गौर नपा, ७ सिसवा चोकमा चेकजाँच गर्ने क्रममा ४५ लिटर अवैध घरेलु मदिरा बेवारीसे अवस्थामा फेला पारेको छ।

घरेलु मदिरा जिल्लाको चन्द्रपुरमा उत्पादन भई सदरमुकामसम्म पुर्‍याउँदै गरेको सूचना प्राप्त भए पश्चात्



प्रहरीले गोप्य सूचनाको आधारमा चेकजाँचमा तिव्रता ल्याएपछि उक्त मदिरा बरामद गरिएको हो। बरामद गरिएका घरेलु मदिरा बसपार्क प्रहरी चौकीको हाताभित्र खाडल खनी संचारकर्मी तथा स्थानीयहरुको रोहवरम पुरी नष्ट गरिएको छ।



## साउदीमा रोजगार | कम्पनी : SRACO HUMAN RESOURCES COMPANY

शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/१०/२४ | चलानी नं.: ६०१७४१२२ | LT. No.: 257616

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Normal Factor | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३ गते (15 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ५५८/०६२/०६३

**गौरी शंकर ओभरसिज प्रा. लि.**

चण्डोल-४, काठमाडौं, नेपाल, फोनः ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np


**वैशाख...**
३० गतेका लागि आयोगद्वारा प्रस्तावित मितिमा चुनाव गर्दा केही दिन स्थानीय तह जनप्रतिनिधिविहीन हुने अवस्था आएपछि सरकारले नयाँ मिति प्रस्ताव गरेको हो,' मन्त्री बडुले भने।

स्थानीय तह निर्वाचन ऐनअनुसार हाल कायम रहेका स्थानीय जनप्रतिनिधिको कार्यकाल ५ जेठ २०७९ मा सकिने छ। तसर्थ पनि सरकारले तोकएको मिति अगावै चुनाव गर्ने निर्णय गरेको हो। सरकारले स्थानीय चुनावको मिति समयमै तोकेपछि प्रमुख प्रतिपक्षी दल नेकपा एमाले पनि खुसी भएको छ। केही समय आलटाल गर्न खोजेपनि सरकारले चुनावको मिति तोक्नु स्वागतयोग्न भएको एमालेका नेता कृष्णभक्त पोखेलले बताए।

'परमादेशी सरकारको गठबन्धनले केही समय चुनावको मिति तोक्न आलटाल गरेपनि अन्तत मिति तोकेको छ हामी निर्वाचनमा जान पाउँदा उत्साहित छौं,' नेता पोखेलले बताए। साथै उनले स्थानीय चुनावमा एमालेले लोकप्रिय मत ल्याउने दाबी समेत गरेका छन्। तर, सत्तागठबन्धनका केही दलले भने ३ तहको चुनाव एकैपटक असोज वा मंसिरमा गर्नुपर्ने प्रस्ताव राख्दै आएका थिए।

**स्थानीय ...**
पनि समय अगावै पदनमुक्त हुने भएका हुन्। पहिलो चरणमा वैशाख ३१ मा निर्वाचन भएका बागमती, गण्डकी र कर्णाली प्रदेशका ३४ जिल्लाका जनप्रतिनिधिको भने पाँच वर्षे कार्यकाल पूरा हुने भएको छ। यसैगरी सरकारले चुनावको मिति तय गरेसँगै निर्वाचन आयोगले मंगलबारबाटै चुनावी तयारीमा जुट्ने जनाएको छ।

**नामावाली संकलन बन्द**
स्थानीय तहको चुनाव आगामी वैशाख ३० गते गर्ने मन्त्रिपरिषद्को निर्णयसँगै निर्वाचन आयोगले मतदाता नामावली संकलन गर्न बन्द गर्ने निर्णय गरेको छ। निर्वाचनको मिति तय भएसँगै अन्तिम मतदाता नामावली प्रकाशन गरी नयाँ नामावली संकलन बन्द हुने आयोगले जनाएको हो। कार्यविधि बनाउने, सामान खरिद गर्ने र निर्वाचनको अन्य तयारीका लागि आयोग प्रतिबद्ध रहेको पनि जनाइएको छ।

**आयोगको ...**
रुपैयाँमा स्थानीय तहको चुनाव सम्पन्न गरेको निर्वाचन आयोगले यसपटक निर्वाचन गराउन करिब १२ अर्ब रुपैयाँसम्म लाग्न सक्ने बताएको छ। यसअघि २०७४ सालमा तीन चरणमा स्थानीय तहको निर्वाचन गरिएको थियो। पहिलो चरणको निर्वाचन भएको मितिलाई आधार मानेर निर्वाचन आयोगले त्यसको एक साता अर्थात जेठ ५ लाई अहिलेका स्थानीय तहहरूको कार्यकाल समाप्त हुने मितिका रूपमा व्याख्या गर्दै आएको छ।

**अप्ठ्यारोमा...**
भन्दै आएका थिए। तर पत्र सार्वजनिक भएपछि प्रचण्डको दोहोरो नीति छताछुल्ल भएको छ। एकातिर एमसीसी यथास्थितिमा पारित गर्नु हुन्न भन्ने अर्कोतिर एमसीसी पारित गर्ने प्रतिबद्धतासहित पत्र पठाउँदा पार्टीमा अन्योलता सिर्जना भएको माओवादी केन्द्रका एक नेताले बताए।

केन्द्रीय समिति बैठकमा पनि सो पत्रबारे प्रश्न उठाइने ती नेताले जानकारी दिए। तर आफुमाथि नै संकट सिर्जना भएको र पार्टीमा पनि विवाद बढेका कारण अध्यक्ष प्रचण्डले उक्त बैठक सार्ने ती नेताले आशंका व्यक्त गरे।

सत्तारुढ गठबन्धनमा आवद्ध नेपाली कांग्रेस र जनता समाजवादी पार्टी (जसपा) एमसीसी सम्झौता पारित गर्नुपर्ने पक्षमा छन् भने माओवादी, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा विपक्षमा उभिएका छन्। यता प्रमुख प्रतिपक्ष नेकपा एमाले पनि एमसीसी सम्झौता पारित गर्नुपर्ने पक्षमा छ। तर एमालेले सत्ता गठबन्धनले निर्णय गरेपछि मात्र आधिकारिक धारणा सार्वजनिक गर्ने बताउँदै आएको छ।

यही विवादबीच बस्ने माओवादी केन्द्रीय समितिको बैठकलाई अर्थपूर्णरुपमा हेरिएको छ। उक्त बैठकले एमसीसीबारे पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने सम्भावना पनि छ। तर बैठकमा प्रचण्ड कसरी प्रस्तुत होलान् भन्ने विषय अहिले राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ। आफ्नै दोहोरो नीतिका कारण प्रचण्ड अप्ठ्यारोमा परेका छन्।

यस्तै केन्द्रीय समिति बैठक बस्न नसकेका कारण माओवादी पदाधिकारी पनि चयन भएका छैनन्। माओवादीमा एक वरिष्ठ उपाध्यक्ष, ६ उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव, तीन सचिव र एक कोषाध्यक्ष रहने व्यवस्था छ।

अध्यक्ष प्रचण्डलाई पदाधिकारी टुंग्याउन पनि सकस परेको छ। आकांक्षी धेरै भएपछि महासचिवमा सहमति जुटाउन प्रचण्डलाई थप चुनौती थपिएको छ। वर्षमान पुन, जनार्दन शर्मा र देव गुरुङले खुलारुपमै महासचिवको दाबेदारी प्रस्तुत गरिरहेका छन्। सहमति नभए गुरुङलाई महासचिव बनाउने तयारीमा अध्यक्ष प्रचण्ड रहेको पनि चर्चा छ।

यस्तै बैठकमा स्थानीय निर्वाचनबारे पनि छलफल हुने बताइएको छ। सरकारले वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने निर्णय गरेको छ। सोही अनुसार तयारी गर्ने विषयमा बैठकमा छलफल हुने बताइएको छ।

**मन्त्रालयको ...**
आधार तयार पार्ने काममा उद्धत देखिन्छ।'

एसोसिएसनले कोरोना भाइरसको संक्रमण केही कम भएको अवस्थामा मलेसियाको रोजगारीमा सिण्डिकेट खडा गर्ने प्रपञ्चमा श्रम मन्त्रालयको नाम जोडिनु दुर्भाग्यपूर्ण रहेको आफ्नो ठहर रहेको विज्ञप्तिमा जनाएको छ।

२०७५ सालमा वैदेशिक रोजगार ऐनमा संशोधन गरी साविकको ७ लाख नगद धरौटी र २३ लाखको बैंक ग्यारेन्टीलाई परिवर्तन गरी वार्षिक तीन हजार जनासम्म कामदार पठाउने कम्पनीलाई ५० लाख नगद धरौटी र डेढ करोड रुपैयाँको बैंक ग्यारेन्टी, पाँच हजार जनासम्म कामदार पठाउने कम्पनीलाई एक करोड नगद धरौटी र तीन करोड रुपैयाँको बैंक ग्यारेन्टी तथा र वार्षिक पाँच हजार जनाभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीलाई दुई करोड नगद धरौटी तथा चार करोड रुपैयाँको बैंक ग्यारेन्टी राख्न लगाएको अवस्थामा हाल वर्गीकरणको औचित्य नरहेको एसोसिएसनको भनाइ छ।

एसोसिएसनले मन्त्रीबाट कामदार र व्यवसायीको हित नै मन्त्री र मन्त्रालयको मुल मन्त्र र उद्देश्य हो भन्ने पटकपटक सार्वजनिक अभिव्यक्ति आएको अवस्थामा त्यस विपरीत समाचार आउनु गम्भीर छानविनको विषयसमेत भएको बताएको छ।

नेपाल र मलेसियाबीच यसअघिको सम्झौतामा नेपालबाट कामदार पठाउँदा नेपाली म्यानपावर कम्पनीसँग काम गर्ने विषयमा मलेसियामा रोजगारदाता स्वतन्त्र रहेको उल्लेख भएको भन्दै एसोसिएसनले त्यस विपरीत भए वृहत् व्यवसायी भेला बोलाएर विरोधका कार्यक्रम गर्ने बताएको छ।

मञ्चले पनि वर्गीकरणको तयारी फिर्ता नभए प्रतिवादमा उत्रने चेतावनी दिएको छ। विज्ञप्तिमा मञ्चले भनेको छ, 'राम्रो काम गर्ने व्यावसायीलाई पुरस्कृत र नराम्रो काम गर्नेलाई दण्डित गर्ने व्यवस्था विपरीत समान प्रकृतिका व्यवसायलाई वर्गीकरण गर्नु कानून विपरीत भएकोले उक्त प्रक्रिया तुरुन्तै फिर्ता लिन माननीय मन्त्रीज्यू तथा मन्त्रालयसमक्ष माग गर्दछौं, मञ्चको मागलाई बेवास्ता गरेर वर्गीकरण गरी सिण्डिकेट लाद्न खोजिए कडा विरोध र प्रतिवादमा उत्रन बाध्य हुने छौं।'

**त्रिपलस्टारले...**
कृष्णकुमार श्रेष्ठ (किसान)ले तत्काल उद्धार गर्न निर्देशन दिएको मन्त्रीको निजी सचिवालयले जनाएको छ।

नेपाल फर्कनेमा गोरखाका सुनिल पन्थ र रमेशजंग शाह, डडेल्धुराका शिवराज पन्त, मोरङका चिरायु सरदार, तनहुँका राजीव सुनुवार र ज्ञानेन्द्र रानाभाट, सुर्खेतका झकबहादुर थापा र संखुवासभाका सन्तोष चम्लागाई गरेका छन्। यूएईको ग्लोबल सेक्युरिटी कम्पनीमा रोजगारी लगाइदिने भन्दै १२ जना नेपालीबाट ७ लाख ५० हजारका दरले रकम लिएर यूएई पठाइ अलपत्र पारेको उजुरीका आधारमा म्यानपावरका संचालक भीम गुरुङलाई मन्त्रालयले गठन गरेको 'मार्शल टोली'ले पक्राउसमेत गरेको निजी सचिवालयको भनाइ छ।

सचिवालयका अनुसार केही समयअघि साउदी अरेबियामा विरामी परी अलपत्र परेका जाजरकोटका आइस रानाको साउदी अरवको जेद्धामा स्वास्थ्य उपचार गरी स्वदेश फर्काइएको छ। मन्त्री श्रेष्ठले साउदी अरवस्थीत जेद्धामा कोठामा छटपटाइरहेका श्रमिकको सामाजिक सञ्जालमा भिडियो भाइरल भएपछि चासो राख्दै उपचार र उद्धारका लागि पहल गरेका थिए।

सउदीस्थित नेपाली दूतावासका कर्मचारी र श्रम सहचारीको टोलीले उनको उद्धार गरी स्थानीय अस्पतालमा उपचार गरेको थियो। रानासहित साउदी अरबमा अलपत्र परेका चार नेपालीलाई सोमबार स्वदेश फिर्ता गरिएको नेपाली काउन्सिलर शत्रुधन पोखरेलले बताए।



## सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय

ओखलढुङ्गा

**रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकाशित मितिः २०७८।१०।२५)**

यस कार्यालयको लागी रोजगार सहायक पद संख्या १ (एक) सेवा करारमा पदपूर्ति गर्न दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ। सो सम्बन्धी विस्तृत जानकारी लिन यस कार्यालयको वेबसाईट www.siddhicharanmun.gov.np मा हेर्न सकिने व्होरा सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**




## Mikwakhola Rural Municipality,

Thalang,Taplejung

**Invitation for Bids**

**Construction Of Administrative Building Mikwakhola Rural Municipality**
**Contract Identification No: MRMTT/NCB/Works/No-02-078/79**
**Date Of Publication:2078/10/25(08 Feb,2022)**

1. The Government of Nepal [GoN] has allocated funds from [GoN] towards the cost of Construction of Administrative Building Of Mikwakhola Rural Municipality,Thalang,Taplejung and intends to apply part of the funds to cover eligible payments under the Contract MRMTT/NCB/Works/No-02-078/79. Bidding is open to all eligible as per Section V of bidding document..
2. Mikwakhola Rural Municipality,Thalang,Taplejung invites electronic bids from eligible bidders for the construction of Three stories Administrative Building with Retaining Wall, Land Development,. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   •Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years : NRs 4,92,00,000.00
   •Minimum Work experience of similar size and nature:NRs 6,67,00,000.00
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mikwakhola Rural Municipality,Thalang,Taplejung or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically may download the bidding documents for e- submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document fee Nrs. 5000.00 before 12:00 Noon On 2078/11/26(10 Mar,2022) in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Nepal Bank Limited, Taplejung.**
   **Name of Office : MIKWAKHOLA GA.PA. Office Code no. :**
   **Office Account no.: Rajaswa Khata : 06203000001001000001**
5. Pre-bid meeting shall be held at Mikwakhola Rural Municipality,Thalang,Taplejung at 2078/11/6 (18 Feb,2022) 13:00 PM.
6. Electronic bids must be submitted to the office Mikwakhola Rural Municipality, Thalang, Taplejung through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2078/11/26(10 Mar,2022) . Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM, 2078/11/26(10 Mar,2022). at the office of Mikwakhola Rural Municipality, Thalang,Taplejung . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum of NRs 21,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the cost of bid security in Bank:**
   **Name of the Bank: Nepal Bank Limited Name of Office: MIKWAKHOLA GA.PA.**
   **Office Account no.: Dharauti Khata : 06203000003000000001**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Mikwakhola Rural Municipality**
**Thalang-Taplejung**




## काठ लिलाम विक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/१०/२५**

डोटी जिल्ला जोरायल गा.पा.वडा नं.३, चनकट्टेमा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व.२०७७/०७८ मा संकलन भएर उत्पादन भई जोरायल गा.पा.३, चनकट्टे मा घाटगद्दी गरी राखिएको खोटे सल्ला गोलिया थान **१००** को परिमाण **१५९७।१९** क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री वेताल सा.व.उ.स.जोरायल गा.पा.३,डोटी**




## धरान उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**धरान-१२, सुनसरी**
**दोस्रो पटक सूचना प्रकाशित मिति २०७८।१०।२५**

प्रस्तुत सन्दर्भमा यस कार्यालयको लागि Tablet PC बिद्धुतिय माध्यमबाट दरभाउपत्र खरिद गर्नुपर्ने भएकोले उक्त सामाग्री खरिदकालागि देहायका शर्तहरुको अधीनमा रही तपसिलमा उल्लेख भएको ठेक्का नं. 05/DHARAN/GOODS/SQ/078/79 बमोजिम दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस कार्य प्रयोजनका लागि www.bolpatra.gov.np/egp मार्फत् पेश गर्न सकिने छ। अन्य थप जानकारीका लागि यस कार्यालयको खरिद शाखा तथा कार्यालयको website:–www.dharan.gov.np बाट बिस्तृत सूचना अध्ययन गर्न सकिने व्होरा सम्बन्धित सम्पूर्ण जानकारीका लागि अनुरोध छ।

| क्र.स. | ठेक्का नं | विवरण | फारम दस्तुर | दरभाउपत्र जमानत | प्रकाशन मिति | पेश गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | 05/DHARAN/GOODS /SQ/078/79 | Tablet | रु. १०००/०० | रु.२५,५००/०० | २०७८/१०/२५ | २०७८/११/११ दिनको १२ बजे सम्म | २०७८/११/१३ दिनको १ बजे |

# कोरोना संक्रमणदर घट्यो

## १, ५७० थपिँदा ६, १४६ संक्रमणमुक्त

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २४ माघ

नेपालमा पछिल्लो केहिदिनयता कोरोना संक्रमणकपो दर घट्दै गएको छ। सोमबार नेपालमा थप एक हजार ५७० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार सार्वजनिक गरेको बुलेटिनमा ११ हजार ३६५ परीक्षण गर्दा एक हजार ५७० जनामा संक्रमण पुष्टि भएको जनाइएको छ।

मन्त्रालयका अनुसार सक्रिय संक्रमितको संख्या ४० हजार १११ पुगेको छ । पछिल्लो समय ६ हजार १४६ जना भाइरस संक्रमणमुक्त भएका छन्। योसँगै संक्रमणमुक्त हुने संख्या नौ लाख १५ हजार ४८९ पुगेको छ। संक्रमणबाट सोमबार १३ जनाको निधन भएको छ । हालसम्म ११ हजार ८२७ जनाको संक्रमणका



कारणले निधन भएको छ । यस्तै ५०० भन्दा बढी संक्रमण भएको जिल्ला १३ पुगेको छ । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, काभ्रे, कास्की, बाके, रुपन्देही, र कैलाली रहेका छन्। यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका १७ जिल्ला रहेका छन्। ती जिल्लामा सिराहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, मकवानपुर, धादिङ, नुवाकोट, नवलपरासी पूर्व, स्याङजा, बागलुङ, तनहुँ, पाल्पा, बर्दिया, दाङ र कञ्चनपुर रहेका छन् । शून्य संक्रमित भएको एक मात्र जिल्ला मनाङ रहेको छ । हाल होम आइसोलेशनमा ३८ हजार ८८३, संस्थागत आइसोलेशनमा एक हजार २२८, सघन उपचार कक्षमा २५५ र भेन्टिलेटरमा ४२ जनाको उपचार हुँदैछ ।

### एक लाख बढीले लगाए खोप

सोमबार एक लाख ७८ हजार ५७९ जनाले खोप लगाएका छन्। यस्तै यस अवधिमा कोरोना भाइरस विरुद्धको बुस्टर डोज छ लाख २९ हजार २४१ मात्रा लगाइएको छ । आठ लाख मात्रा खोप नेपाल आइपुग्यो बेलायत सरकारले कोभ्याक्समार्फत उपलब्ध गराएको कोरोना भाइरस विरुद्धको खोप एस्ट्राजेनेकाको सोमबार ८ लाख ६२ हजार ८० मात्रा नेपाल आइपुगेको छ ।

# स्वास्थ्योपचार सहुलियतका लागि सम्झौता

**गण्डकी/मस**–नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा) गण्डकी प्रदेश पोखरासँग आबद्ध सदस्य, कर्मचारी र आश्रित परिवारका सदस्यलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यका दुईवटा स्वास्थ्य संस्थासँग सम्झौता गरिएको छ ।

पोखरा महानगरपालिका-९ स्थित मेडिट्रष्ट प्याथोलोजी प्रालि एवं पोखरा-५ स्थित रिजनल हस्पिटल प्रालि र नाट्टा गण्डकी प्रदेशबीच सोमबार सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो । सम्झौतापत्रमा नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देल र महासचिव कमला गिरी तथा मेडिट्रष्ट प्रालि एवं रिजनल हस्पिटलको तर्फबाट ट्रष्ट एवं हस्पिटलका अध्यक्ष डा जगतबहादुर खड्का, प्रबन्ध निर्देशक सुजन पराजुली, व्यवस्थापक अर्जुनप्रसाद शर्मा, सञ्चालक समिति सदस्य चन्द्रकान्त पौडेलले हस्ताक्षर गरेका छन् । सम्झौतासँगै नाट्टा गण्डकीमा आवद्ध १८१ संस्थाका सदस्य, कर्मचारी र आश्रित परिवारका झण्डै एक हजार बढी व्यक्ति लाभान्वित हुने अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए ।

कार्यक्रममा नाट्टा गण्डकी प्रदेशका कार्यसमितिका पदाधिकारी, पूर्व अध्यक्ष परिषद्का संयोजक ओमप्रकाश पाण्डे, निवर्तमान अध्यक्ष सन्तोष पोखरेल, मेडिट्रष्ट प्याथोलोजी र रिजनल हस्पिटल सञ्चालक समितिका पदाधिकारी एवं सदस्यहरूको उपस्थिति थियो । स्वास्थ्य परीक्षण गराउँदा विभिन्न शीर्षकमा छुट दिइने सम्झौतापत्रमा उल्लेख छ ।


**तामाकोशी गाउँपालिकाका**
**गाउँ कार्यपालिकाको कार्यालय**
जफे, दोलखा
बागमती प्रदेश

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७८।१०।२५**

यस गाउँपालिकाको चालू आर्थिक वर्ष २०७८/०७९ का लागि देहाय बमोजिमका जनशक्तिहरु सेवा करारमा पदपूर्ती गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समय भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | पारिश्रमिक | नियुक्तिको किसिम | दरखास्त दस्तुर | शैक्षिक योग्यता | तालिम /अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४/०७८/७९ | रेडियोग्राफर | पाँचौ | १ | नेपाल सरकारले तोके बमोजिम | करार | रु. ७००/- | मान्यताप्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रविणता प्रमाणपत्र तहवा सो सरहउतीर्ण भइ सम्बन्धित Council मा दर्ता भएको हुनुपर्ने | सम्बन्धित विषयमा कम्तिमा ६ महिनाको कार्य अनुभवभएको |

१ आवेदन फारम तामाकोशी गाउँपालिकाको कार्यालय वा www.tamakoshimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।
२ आवेदन दस्तुर:-तोकिएको दरखास्त दस्तुर तामाकोशी गाउँपालिकाको लक्ष्मी बैङ्क, तामाकोशी शाखा, जफेमा रहेको आन्तरिक राजश्व खाता नम्बर १२७०३०००१४२ मा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ।
३ दरखास्त दिने अन्तिम मिति २०७८/११/०१ गते सम्म।
४ आवेदन बुझाउने स्थान: तामाकोशी गाउँपालिकाको कार्यालय वा रितपुर्वक भरिएको फारम adm.tamakoshimun@gmail.com मा Scan copy समेत पठाउन सकिनेछ।
५ परिक्षाको किसिम: लिखित तथा अन्तर्वार्ता (अन्तर्वार्ताको दिन सक्कल प्रमाणपत्र पेश गर्नुपर्नेछ।)
६ परिक्षा हुने मिति: दरखास्त समाप्त हुने मितिको भोलिपल्ट कार्यालयको सूचनापाटी तथा website मा प्रकाशन हुनेछ।
७ उमेर: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु**
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- आवश्यक शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र तथा चारित्रिक
- प्रमाण पत्रको प्रतिलिपी
- सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
- सेवा सम्बन्धी तालिम तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपी
- पासपोर्ट साइजको फोटो - २ प्रति

**सम्पर्कका लागि: अरुण कुमार मिश्र (स्वास्थ्य संयोजक ९८४४४२७९२३)**
**प्रमुख प्रशासकीय अधिकृत**


# शिक्षकलाई कर्मचारी सरह सेवासुविधा उपलब्ध हुन्छ : शिक्षामन्त्री



**बागलुङ/मस**–शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षकलाई पनि निजामती कर्मचारी सरह सेवासुविधाको प्रबन्ध गरिने बताएका छन् ।

ताराखोला गाउँपालिकाद्वारा सोमबार आयोजित शैक्षिक अन्तर्क्रियामा उनले सेवासुविधा र अवसरमा शिक्षकलाई विभेद नगरिने उल्लेख गरे ।

उनले भने, 'यस विषयमा मन्त्रालयले निर्णय गरिसकेको छ, आउँदो बजेट, कार्यक्रमपछि कार्यान्वयनमा आउँछ । अर्थ मन्त्रालय र अरु निकायसँग पनि समन्वय भइरहेको छ ।'

कर्मचारी र शिक्षकको कार्यविभाजन फरक भएपनि तह र सुविधा एउटै हुनुपर्ने मन्त्री पौडेलले बताए ।

शिक्षकको वृत्ति विकासमा शिक्षा मन्त्रालय संवेदनशील रहेको उनको भनाइ छ । मन्त्री पौडेलले १८ वर्षदेखि रोकिएको शिक्षकको आन्तरिक बढुवाका लागि विज्ञापन खुलाएर प्रक्रिया अगाडि बढाइएको बताए । शिक्षक सेवा आयोगको ११ औँ संशोधन नियमावली मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि शिक्षक दरबन्दी मिलान, आन्तरिक बढुवा, अध्यापन अनुमति पत्रलगायत कामले गति लिएको उनको भनाइ छ ।

मन्त्री पौडेलले शिक्षक महासंघका ३३ बुँदे माग सम्बोधनका लागि मन्त्रालय गम्भीर रहेको बताउँदै कतिपय माग पूरा हुँदैआएको बताए ।

विद्यालय समायोजनको प्रक्रिया अगाडि बढाइएको उल्लेख गर्दै अति न्यून विद्यार्थी भएका विद्यालयको पहिचान गरी अन्य विद्यालयसँग गाभिने उनको भनाइ छ ।

मन्त्री पौडेलले सार्वजनिक शिक्षा सुधारका लागि मन्त्रालयले ५५ बुँदे योजना बनाएर काम थालेको उल्लेख गरे। उनले संघीय शिक्षा ऐन, उच्च शिक्षा ऐन र प्राविधिक शिक्षा ऐन निर्माणमा मन्त्रालयले गर्नुपर्ने काम सकिएको बताउँदै अन्य मन्त्रालयसँग छलफल गरी मन्त्रिपरिषद्मा लैजाने तयारी भएको बताए ।

मन्त्री पौडेलले ताराखोलामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको प्राविधिक शिक्षालय स्थापना गर्ने प्रतिबद्धतासमेत जनाए ।

# इन्द्रायणी उद्यान निर्माण गरिने

काठमाडौं/मस- काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले इन्द्रायणी गुरुयोजनाअन्तर्गत उद्यानको शिलान्यास गरेका छन्। दुई रोपनी आठ आना जमीनमा निर्माण हुने उक्त उद्यान निर्माणका लागि एक करोड २२ लाख रुपैयाँमा सम्झौता भएको छ । कालीमाटीदेखि बालाजुसम्म विष्णुमती नदी किनाराको जग्गा संरक्षण गर्ने, हरियाली विकास गर्ने तथा उद्यान बनाउने कार्यक्रमअनुसार प्रमुख शाक्यले सोमबार उद्यानको शिलान्यास गरेका हुन् ।

उनले निर्वाचित भएर आएदेखि आफूले शहरको मौलिकता जोगाउन तथा ठाउँ, समय र परिवेशका आधारमा आधुनिकताको उपयोगबाट सुधार गर्न प्रतिबद्ध भएर काम गरिरहेको धारणा राखे ।

कामपा १७ वडाका अध्यक्ष नवीन मानन्धरले समुदाय र सरोकारवालासँग मिलेर जल सम्पदाको समृद्धिलाई वडाको विम्बका रूपमा विकास गर्ने बताए । जनप्रतिनिधि पद बहाली भएपछि सार्वजनिक जग्गा संरक्षण, हरियाली प्रवर्द्धन तथा पार्क निर्माण कार्यलाई नीति, बजेट तथा कार्यक्रमले प्राथमिकता पाएको पनि अध्यक्ष मानन्धरको धारणा थियो । नगर-नगर साझेदारी, कार्यक्रमआर्न्तगत कामपासँग भगिनी सम्बन्ध भएका शहर सबैसँग यही शीर्षक अर्थात सार्वजनिक जग्गा संरक्षण, पार्क तथा धाम निर्माण कार्यक्रममा कामपाले आर्थिक सहयोग गर्दै आएको छ । कामपाले यसरी साझेदारी गरेका नगरहरुमा काठमाडौंका सबै स्थानीय तह, भक्तपुरको मध्यपुर थिमी र चाँगुनारायण नगरपालिका रहेका छन् । यसैगरी उपत्यका बाहिरका स्थानीय तहसँग भगिनी सम्बन्ध भएका शहरहरुमा धनकुटाको पाख्रीबास, नवलपरासीको सुस्ताघाट पश्चिम रामग्राम, सिन्धुपाल्चोकको मेलम्ची, जुम्लाको चन्दननाथ र डडेल्धुराको अमरगढी नगर रहेका छन् ।


**Government of Bagamati Province**

**Ministry Of Physical Infrastructure Development**

**Hetauda, Nepal**

**Invitation for Sealed Quotation for the procurement of Supply and Delivery of Stationary Items for Office Purpose**

**Sealed Quotation No.: MoPID/BAGAMATI/Goods/07/2078/79**


**Date of Publication: 08 February, 2022 (Magh, 25, 2078)**

1. The **Ministry of Physical Infrastructure Development (MoPID), Bagamati Province, Hetuada, Makawanpur** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of **Supply and Delivery of Stationary Items for Office Purpose.**
2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of* **MoPID, Bagamati Province, Hetuada, Makawanpur, Email: road.mopid@bagamati.gov.np, Ph: 057-525168** *or may visit PPMO* **website www.bolpatra.gov.np.**
3. *A complete set of Bidding Documents may be purchased from the office* **MoPID, Bagamati Province, Hetuada, Makawanpur** *by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of* ***NRs. 1000.00 till 21st February, 2022 (Falgun, 09, 2078)*** *during office hours.*
4. *Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e.* **www.bolpatra.gov.np/egp.** *Bidders, submitting their bid electronically should deposit the cost of bidding document in the following account*
   *Name of the Bank : Rastriya Banijya Bank Limited, Hetauda*
   *Name of Office : Ministry of Physical Infrastructure Developmment, Bagamati Province, Hetauda*
   *Office Code no. :* ***3370032013***
   *Office Account no. :* ***1000200010000***
   *Rajaswa (revenue) Shirshak no. :* ***14229***
5. *Sealed bids must be submitted to the office* **MoPID, Bagamati Province, Hetuada, Makawanpur** *by hand or through e-GP system i.e* www.bopatra.gov.np/egp *on or before* ***12:00 PM on 23rd February, 2022 (Falgun, 11, 2078)****. Bids received after this deadline will be rejected.*
6. *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at* ***13:00 PM on 23rd February, 2022 (Falgun, 11, 2078)*** *at the office of* **MoPID, Bagamati Province, Hetuada, Makawanpur**. *Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a* ***bid security*** *amounting to a minimum of* ***NRs. 26,250.00****, which shall be valid for 30 days beyond the validity period of the bid i.e.* ***8th May, 2022 (26th Baishakh, 2079)****. If bidder wishes to submit the Cash Security, the cash should be deposited in* ***Deposit Account No.: 1300100202030000, Provincial Treasury Controller Office, Hetauda, Makawanpur at Rastriya Banijya Bank Limited, Hetauda*** *and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.*
7. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

**हार्दिक श्रद्धाञ्जली**



जन्म मिति
वि.स. २००२/०९/२९

स्वर्गारोहण मिति
वि.स. २०७८/१०/१३

**स्व. गोविन्द प्रसाद पाठक**

यस प्याराडाईज ईन्टरनेशनल प्रा.लि.मा कार्यरत सुमन पाठकका पुज्जनीय
**पिता गोविन्द प्रसाद पाठकको**
अल्पायु मै स्वर्गारोहण भएको १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नवराज के.सी.
अध्यक्ष, तथा
**प्याराडाईज ईन्टरनेशनल प्रा.लि. कुपण्डोल, ललितपुर**
परिवार



Hilton Academy Pvt.Ltd.
A great place for career

**HOSPITALITY TRAINING**

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट:
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौ

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
२५ माघ २०७८, मंगलबार
08 February 2022, Tuesday

## सम्पादकीय

# अन्योलताको अन्त्य

सरकारले स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० मा गर्ने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले लामो अन्योलतालाई चिर्दै निर्वाचन गर्ने निर्णय गरेको हो । स्थानीय तह निर्वाचनका सन्दर्भमा संविधान र कानुनप्रति देखिएको दुविधाका बीच नै सरकारले मिति तय गरेको हो । जसले निर्वाचन हुन्छ वा हुँदैन् ? कहिले हुन्छ ? पहिला स्थानीय तहको निर्वाचन हुन्छ कि संघीय निर्वाचन ? लगायतका प्रश्नहरूको पनि एकैपटक जवाफ दिएको छ । यसले संविधान र कानुनबीच देखिएको फरकपनमाथिको प्रश्न र बहस पनि तत्कालका लागि अन्त्य गरिदिएको छ ।

सरकारले स्थानीय तहको निर्वाचनको मिति घोषणा गरेसँगै प्रदेश र संघको निर्वाचन गर्न पनि बाटो खुलेको छ । स्थानीय तहको निर्वाचनको मिति घोषणासँगै आवधिक निर्वाचनमा जाने त होइन भन्ने सशंय मात्रै होइन सरकारे संवैधानिक व्यवस्थाअनुसार नै क्रमिक रूपमा चुनाव हुने स्पष्ट पनि पारेको छ । स्थानीय तहको निर्वाचनको मिति घोषणासँगै वैधानिक व्यवस्थाअनुसार ०७९ को कात्तिक वा मंसिरमा प्रदेश वा संघीय चुनाव गर्न पनि बाटो सहज भएको छ । संविधान जारीपश्चात पहिलो पटक २०७४ वैशाखबाट स्थानीय तहको चुनाव सुरू भएको थियो । वैशाखदेखि असोजसम्म तीन चरणमा स्थानीय तहको निर्वाचन भएसँगै सोही वर्षको कात्तिक र मंसिरमा संघीय तथा प्रदेश तहको निर्वाचन भएको थियो । यो निर्णयले मौसमी अनुकुलतालाई पनि सम्बोधन गरेको छ । बसन्त ऋतुमा स्थानीय र शरद ऋतुमा संघीय वा प्रदेश तहको निर्वाचन हुनेछ । जसले कृषकदेखि उच्च हिमाली भेगमा रहने नागरिकलाई पनि सास्ती दिने छैन ।

गत माघ १८ मा निर्वाचन आयोगले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर जेठ ४ गतेका लागि स्थानीय तहको निर्वाचन गर्न मिति प्रस्ताव गरेको थियो । तर, सरकारले सो प्रस्ताव अगावै निर्वाचन गर्ने निर्णय गरेको छ । सरकारले यो निर्णयलाई कानुनी र व्यवहारिक पक्ष मिलाउन आयोगको प्रस्ताव अगाडि नै मिति तय गरेको बताएको छ । तर, सरकारको यो निर्णयले बाँकी अवधिभित्र निर्वाचन गर्न प्राविधिक हिसाबले भने समय पुग्छ वा पुग्दैन भन्ने प्रश्न भने उब्जाएको देखिन्छ । यसअघि निर्वाचन आयोगले निर्वाचनका लागि १२० दिन समय चाहिने भनेको थियो । तर, सरकारले वैशाख ३० मै मिति तय गर्दा २४ दिन झण्डै एक महिना अपुग देखिएको छ । जसलाई कसरी मिलाइन्छ सबैलाई जिज्ञासा छ । जसको उचित समाधान खोजिनु अहिलेको आवश्यकता हो ।

# मूल्यवृद्धिप्रति उदासिन सरकार

आकासिएको मूल्यवृद्धिप्रति न त सरकारको ध्यान छ न त प्रतिपक्षको । सरकार पक्ष र प्रतिपक्ष आ–आफ्नै स्वार्थको डम्फू बजाउन केन्द्रीत छन् । उनीहरूलाई हुँदाखाने वर्गको समस्याप्रति ध्यान दिने समय नै छैन ।

अग्रलेख



● गोविन्द विक

पेट्रोलियम पदार्थलगायतका उपभोग्य वस्तुहरुको मूल्य तिव्र रुपमा आकासिँदै गएको छ । सर्वसाधारण जनताले थेग्नै नसक्नेगरी उपभोग्य वस्तुहरुको मूल्य वृद्धि भइरहँदा गठबन्धन सरकार बेखबर जस्तै बनिरहनु निरासाजनक विषय भएको छ । सरकारको ध्यान नै हुने खाने पुँजिपति वर्ग सापेक्ष काम गर्न तिरमात्र गएको देखिन्छ । हुँदाखाने जनताको पक्षमा अघिल्लो सरकार पनि थिएन र यो गठबन्धन सरकार पनि छैन । ८४ रुपैयाँमा खरिद गरेको पेट्रोलको मूल्य १४२ रुपैयाँ पुगेको छ । तर, पनि किन यसरी मूल्य आकासिँदैछ भन्ने कुराको खोजी सरकारको प्राथमिकतामा पर्न सकेको छैन । सर्वसाधारण जनताको दैनिकीमा जोडिएको खाना पकाउने ग्याँसको मूल्य आज १५ सय ७५ रुपैयाँ पर्छ । एउटा ग्याँस खरिद गर्नका लागि कम्तीमा दुई दिनभन्दा बढी ज्यालामजदुरी गर्नुपर्ने बाध्यता सरकारले थाहै नपाएको जस्तो गर्नु उदेक लाग्दो छ । दैनिक मजदुरी गर्नेहरुको ज्याला कहीँ पनि बढेको छैन । हिजो ५ सयमा दैनिक काम गर्नेहरु आज पनि ५ सयमा नै काम गरिराखेका छन् । मजदुरहरुले पाउने ज्यालामा वृद्धि गर्नका लागि निजी क्षेत्र तथा सरोकारवाला पक्षको ध्यान पुग्न सकेको पाइँदैन । तर, हुँदाखाने जनताको ढाड सेक्नेगरी उपभोग्य वस्तुमा भएको मूल्यवृद्धिप्रति सबै पक्ष मौन हुनु रहस्यमय विषय बनिरहेको छ । करिब दुई तिहाइ जनमतबाट सत्तामा पुगेको दल आफ्नै रबैयाले गर्दा प्रतिपक्षमा बसेको छ ।

प्रतिपक्ष दललाई त जनताको विषयमा झनै कुनै चासो नै छैन । आफू सरकारमा हुँदा त जनचासोको विषयलाई कहिल्यै प्राथमिकतामा नपारेको प्रतिपक्ष दलले मूल्यवृद्धिलगायतका वेथिती र विसंगतिका विरुद्धमा बोल्छ भन्ने के आश गर्नु ? गठबन्धन सरकारका प्रधानमन्त्रीले कुनै जनप्रीय काम गरेर सत्तामा आएका होइनन् र विगतमा पनि धेरै पटक प्रधानमन्त्रीको कुर्सीमा विराजमान हुँदा पनि सम्झन लायक काम गरेको देख्न र सुन्न नपाइएकै हो । उनीबाट त्यत्ति धेरै अपेक्षा गर्नु त मुर्खता मात्र हो तरपनि जनताको अभिभावक सरकार भएको हुनाले जनअपेक्षा त हुन्छ नै । गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसीमा लुटपुटिदै ठिक छ गठबन्धनभित्रको दल नेकपा (माओवादी केन्द्र)लाई आफ्नै संगठनहरु कसरी चलायमान गराउने भन्ने ध्यान मात्र छ भने एमालेबाट चोइटिएर गएको एकिकृत समाजवादीलाई गाउँस्तरसम्म आफ्नो प्रभाव कसरी बलियो बनाएर चुनावमा भोट ल्याउने भन्ने सुर मात्रै भएको देखिन्छ । प्रमुख प्रतिपक्ष दल एमाले नयाँ गठबन्धन बनाउनका लागि साना दलहरुको सिला खोज्न मै व्यस्त देखिन्छ । यसकारण जनचासोको विषयमा न सरकारको ध्यान छ न प्रतिपक्षको ध्यान नै । हुँदाखाने जनताको दैनिकी सहज बनाउने सवालमा सरकार प्रतिपक्ष राजनैतिक दल कसैको पनि ध्यान नहुँदा आज जनता महँगीको मारमा पर्न बाध्य छन् ।

सरकार नै हुनेखाने जनतालाई पोस्ने धाउन्नमा लागेपछि हुँदाखाने जनताको सवाल जहिले पनि ओझेलमा पर्दछन् भन्ने कुरा छरपष्ट भएको छ । पेट्रोलियम पदार्थको मूल्यकै कुरा गर्दा पनि ८४ रुपैयाँ प्रतिलिटरमा खरिद गरेर १४२ रुपैयाँ प्रतिलिटरमा बिक्री गर्दा पनि अझै निगम डुब्न लाग्यो भन्ने खबर सञ्चारमाध्यममा व्याप्त छ । यो कसरी हुँदैछ ? निगम किन डुब्न लाग्यो ? पेट्रोलियममा मात्रै सरकारले ५८ रुपैयाँ ४८ पैसा कर लगाएको छ । के त्यत्ति महँगो कर लगाएर उठाएको पैसा तलब भत्तामा मात्रै सकिन्छ ? यस




> ८४ रूपैयाँ प्रतिलिटरमा खरिद गरेर १४२ रूपैयाँ प्रतिलिटरमा बिक्री गर्दा पनि निगम कसरी डुब्छ ? पेट्रोलियममा मात्रै सरकारले ५८ रूपैयाँ ४८ पैसा कर लगाएको छ । के त्यत्ति महँगो कर लगाएर उठाएको पैसा तलब भत्तामा मात्रै सकिन्छ ? यस विषयको खोजी कसले गर्ने ?

विषयको खोजी कसले गर्ने ? कर चाहीँ महँगो गरी असुल गरिरहने तर, राज्यको ढिकुटी रित्तो भैरहने पैसा कहाँ जान्छ ? सरकारको कर वृद्धि भएपछि स्वतः सामानको मूल्य बढ्छ । राज्यलाई चर्को कर बुझाउने बहानामा व्यापारीहरुले उपभोग्य वस्तुको मूल्य तिब्र रुपमा बढाएका हुन्छन् त्यसको प्रत्यक्ष मारमा सर्वसाधारण जनता पिल्सीराखेको सरकारलाई पत्तो छैन । करको दर बढाउनेभन्दा पनि ठुला-ठुला व्यापारीहरुले कर छली गरेको पत्ता लगाउने र राजश्व चुहावट भैरहेकोप्रति सरकारले गम्भीर रुपमा ध्यान दिएर त्यस्ताहरुलाई करको दायरामा ल्याउने कालोबजारी गर्ने कृत्रिम अभाव देखाएर मूल्यवृद्धि गर्ने व्यापारीहरुलाई सरकारले निगारानी गर्ने अभियान चलाउने हो भने सर्वसाधारण जनताको ढाड सेक्नेगरी उपभोग्य वस्तुको मूल्यवृद्धि गर्नु नै पर्दैन । सरकारले जनतालाई आहत तुल्याउने भन्दा पनि कसरी हुन्छ राहत दिने कुरामा ध्यान दिन जरुरी छ ।

सरकारले करको दर घटाएर हुन्छ की ढुवानीमा अनुदान दिएर हुन्छ मूल्य अभिवृद्धि कर छुट गरेर हुन्छ की हुँदाखाने जनताको चुलोसँग प्रत्यक्ष जोडिएको ग्याँस, तेल, मट्टितेललगायतका सामग्रीहरुको मूल्य सहज र सर्वसुलभ बनाउनु पर्दछ । पटक-पटक आएको कोरोना महामारीले धेरै सर्वसाधारणको मजदुरी खोसेको छ । धेरै मजदुरहरुको रोजगारी तहस नहस बनाइदिएको छ । यस्तो अवस्थामा कतिपय सर्वसाधारण जनताले काम नपाएर भौतारिरहनु पर्ने अवस्था जिँउका तिउँ छदैछ । यस्तो अवस्थामा उपभोग्य वस्तुको मूल्यवृद्धि हुनु भनेको सर्वसाधारणलाई तड्पाउनुभन्दा अरु केही पनि हैन । हिजो सर्वहारा जनताको लागि लड्ने भन्नेहरु पनि सर्वहारा जनताको घाटी न्याक्नेगरी उपभोग्य वस्तुको मूल्य आकासिँदा चुइक्क नबोल्नु नैतिकता विहिनताको अवस्था हो भन्दा फरक पर्दैन । पेट्रोलियम पदार्थलगायतका सामग्रीमा अत्याधिक रुपमा थेग्नै धान्न नै नसक्नेगरी मूल्य आकासिँदा दलका भातृ संस्थाहरु कुन कुनामा बेखबर बन्दैछन् ? नागारिक समाज कता हरायो ? के निमुखाहरुले बाँच्नु पर्दैन ? यो मुलुक पूँजीपति वर्गको लागि मात्र हो र ? सर्वहारा श्रमिक वर्गको जिविका चल्नु पर्छ की पर्दैन् ? यी र यस्ता विषयहरुको सवालमा सरकार गम्भीर बन्न जरुरी छ ।

जनताको भोटको हिसाब मात्र गरेर मुलुकमा भ्रष्टहरुलाई सधैँ च्यापेर अगाडी दौडने अभियानमा लाग्नु भन्दा पनि सर्वसाधारण जनताको प्रत्यक्ष सरोकार राख्ने वस्तुलाई कसरी सहज र सर्वसुलभ बनाउने जनमुखी कामको प्रभावकारीतामा कसरी ध्यान दिने र तिब्र रुपमा आकासिँदै गएको उपभोग्य वस्तुको मूल्य कसरी नियन्त्रण गरेर जनतालाई राहत दिने भन्ने विषयमा गठबन्धन सरकारको गम्भीर ध्यान जान जरुरी छ । नयाँ गठबन्धनका लागि दलको शिला खोजेर समय बिताउनु भन्दा पनि जनसरोकारबाट विषयमा सरकारलाई रचनात्मक खबरदारी गरी जनताबाट गिर्दै गरेको विश्वासलाई फर्काउने कसरतमा लाग्नु नै प्रमुख प्रतिपक्ष दलको उपकारमुखी मार्ग हुन सक्छ । जनताले सम्झन लायक कामको ध्यानमा दलहरुले समय बिताउने हो भने त्यस्ता दलहरुलाई चुनाव लड्नका लागि कसैको साथ नै आवश्यक पर्दैन् । कुनै गठबन्धनमा सामेल भैराख्नु आवश्यक पनि रहँदैन । जनताले खोजीखोजी मत दिन्छन् । तर, यहाँ त राम्रो काम गरेर जनताको मनजितेर जनमत ल्याउने कुनै पनि दलमा अभ्यास छैन । त्यही भएर पैसाले जनमत बटुल्नु छ । जसरी हुन्छ पैसा हात पार्नु छ त्यही भएर हुने खानेलाई पोस्ने ध्यानमा हुँदाखाने वर्गको विचल्ली भएको पत्तो हुँदैन । त्यसैले मूल्यवृद्धिको मारमा हुँदाखाने पिल्सीरहन्छन् र सरकार बेखबर बनेजस्तो गरीरहने अवस्थाको अन्त्य हुँदैन । जनताले मत दिने बेलामा विवेक प्रयोग नगर्ने हो भने अझै धेरै वर्षसम्म यहि नियति भोग्नु पर्ने पक्का नै हो ।

## सामाजिक सञ्जाल



**- जेपी गुप्ता**

संसारका कयौं राष्ट्रहरू जसले रासायनिक मल उत्पादनका लागि विद्युतमा शुन्य महशुल वा ठूलो अनुदान दिन्छन् त्यस्ता मुलुकका उत्पादन आयातमा मूल्य सहुलियत पाउँदा तथा हामी स्वयंले ठूलो अनुदान दिएर पनि तुलनात्मक रूपमा सस्तो मल उपलब्ध गराउन नसकेको दशकौं भयो । तर, अविचारित वक्तव्यको ओइरो जारी नै छ ।



**- गोविन्दकुमार थापा**

मलाई कुनै दलको खोक्रो आश्वासन र ढोंगी घोषणा–पत्रले असर गर्दैन । उसरी नै मेरो भोटले तात्विक असर नपार्ला तर, मैले आज श्रीपञ्चमीको यो शुभ मुहुर्तमा एमसीसीको कलंक भिरेकालाई भोट नदिने दृढ प्रतिबद्वता जाहेर गरेको छु । गर्व लाग्छ, दलभन्दा मलाई अक्षुण्ण स्वाभिमान र सार्वभौमता दिने मेरो देश ठूलो हो ।



**- नेत्रप्रसाद नेपाल**

अब धनबहादुर र बलबहादुरहरू चुनावमा टिकटको लागि बल गरेर लाग्ने छन् । पार्टीमा लामो काम गरेका जनमत भएकाहरू फेरि प्रताडित नहुन तर्फ पार्टीका अध्यक्ष राजनेता सजग हुनहुनेछ । मतदाता नामावलीमा नाम नभएकाहरू पार्टीको कार्यकर्ताको नाममा अनेकौं धाक धम्किका साथ अगाडि देखिने छन् सजग बनौं ।



**- सुजन बगाले**

स्थानीय निकायको निर्वाचन तोकिनु स्वागत योग्य समाचार हो, केन्द्रभन्दा कार्यगत तहमा स्थानीय निकायको निकै महत्व छ । स्थानीय निकायको सयन्त्रले नै नेपालमा कोरोना व्यवस्थापनमा ठूलो भूमिका खेल्यो । अन्य प्रशासनिक तथा विकास कार्यमा पनि स्थानीय निकाय महत्वपूर्ण अंग हो ।



**- रामेश्वर खनाल**

हावा गफ गरेर हुँदैन । प्रधानमन्त्रीले लेखेको त पत्याउने अवस्था नभएर पूर्वप्रधानमन्त्रीको समेत हस्ताक्षर चाहियो । सहसचिवको हस्ताक्षर कस्ले पत्याउने ? स्थिति यो हद किन बिग्रियो, समीक्षा गरेको वेश । राष्ट्रावादी नारा मात्र लगाएर मुलुक बलियो हँदैन है ।

# दाउपेचमा अल्झिएको राजनीति

देउवाले गठबन्धनभित्र विश्वासघात गरे भने त्यो कुनै नौलो विषय बन्ने छैन । अहिलेको गठबन्धनबाट यदि एमसीसी पास भयो भने माओवादी पार्टी र जसपा दुबै पार्टी फुट्ने सम्भावना बढी छ ।

टिप्पणी



● उपेन्द्र झा

एजेण्डाबिहीन दलहरू र स्वार्थलिप्सामा लीन राजनीतिकर्मीहरूको अराजक स्वाभावले राजनीति यति दुषित अवस्थामा पुगेको छ कि जनताले आफ्नो कल्याण कहीँ देख्दैन । लोकतान्त्रिक पार्टी होस् कि कम्युनिष्ट पार्टी देश र जनताका लागि कोही हितकारी नरहेको जनमानसको धारणा छ । पार्टीभित्रका कार्यकर्ताबाहेक आम जनता यिनका कटु आलोचक बनेका छन् ।

देश र जनताका विकासबारे योजनाबद्ध तरिकाले राजनीतिलाई सहज तरिकाले प्रयोग गर्नुको ठाउँमा आफ्नो स्वार्थ पूरा गर्ने प्रयोजनका लागि राजनीतिलाई उपयोग गर्दा पूरै प्रणाली नै अराजक बन्छ र मनोमानी ढंगले सिस्टम चल्दा बेथिति बढ्छ भन्ने कुरा सबैले जान्दछन् तर, स्वार्थलाभलाई सर्वोपरि मानेर परिणामलाई वेवास्ता गरेका छन् । नकारात्मक परिणाम आए समयअनुसार दाउपेंच खेलेर समाधान गरूँला भन्ने मान्यतामा सबै दलहरू रहेकोले न सिस्टम बस्न सकेको छ न जन अपेक्षित परिणाम नै देख्न पाइएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र शासन प्रणाली ल्याए पनि यसलाई थेग्न सक्ने राजनीतिकर्मीहरूमा असल आचरण (देश र जनताप्रति उत्तरदायी, निष्पक्षता, त्याग आदि) आउन सकेन । अनैतिक किसिमले धनलाभ गर्ने, चुनावको परिणाम आफ्नो भागमा पारेर सरकारमा आएर सोही गतिविधीलाई पुनरावृति गर्ने यही मानसिकताबाट ग्रसित सबै राजनीतिकर्मीहरू रहेकाले देशले असल परिणाम प्राप्त गर्नै सक्दैन । आश्चर्यको कुरा के छ भने नयाँ होस कि पुरानो सबै राजनीतिकर्मीको एउटै ध्येय कसरी भयो ? अहिले देउवा सरकार अगाडि एमसीसी पास गराउने दबाव बढेको छ । ऋण होस कि अनुदान वैदेशिक सहयोग लिन किञ्चित पनि नहिचकिचाउने कुनै पनि सरकारको समान चरित्र रहेकोले आज सशर्त एमसीसी परियोजना पास गराउन अमेरिकाले सरकारमाथि दबाव बढाएको छ । यसको सकारात्मक वा नकारात्मक के परिणाम हुने भन्नेबारे किञ्चित चिन्ता नलिने स्वाभावले यिनी देशप्रति कति जिम्मेवार छन् भन्ने कुरा त्यसै प्रष्ट हुन्छ ।

३.५ वर्ष केपी शर्मा ओलीको सरकार रहँदा पनि एमसीसी पास गराउन नसकेपछि ओली सरकारलाई अपदस्थ गरि अमेरिका नजिक रहेको शेरबहादुर देउवाको सरकार सत्तामा आयो । न चिताएको अवसर पाउँदा शेरबहादुर देउवाको एकमात्र जिम्मेवारी एमसीसी पास गराउनु हो । एमसीसी सम्झौता राष्ट्रघाती हो भनेर केही राजनीतिकर्मीहरू बुन्दागत रूपमा जनमानसको दिमागमा घुसाएका कारण यसको विरोध पनि व्यापक छ ।

गठबन्धनका राजनीतिक दलहरूले (माओवादी, नेकपा एकीकृत समाजवादी, जसपा आदि) मिलेर शेरबहादुर देउवालाई सरकार बनाउन अवसर प्रदान गरेबाट शेरबहादुर देउवालाई यो गुण बिर्सिन गाह्रो भई रहेको छ । एमालेले संसद अवरूद्ध गरेको छ । एमालेको कुरा नमान्दा संसदबाट कुनै कुरा पास हुन सम्भव देखिदैन । एमालेको शर्त नेकपा एकीकृत समाजवादीका १४ सांसद तथा सभामुखको खारेजी रहेकोले शेरबहादुर देउवालाई गुन लगाएको गठबन्धन पार्टीप्रति विश्वासघात कसरी गर्ने भन्ने अपठ्यारो अवस्था छ । हुन त छल, प्रपञ्च, जाल, फरेब, धोखालाई आधार बनाएर गरिएको राजनीतिमा निजी स्वार्थ प्रमुख एजेण्डा मानिएकोले जब जैसा तब तैसा गरिने स्वभाव अनुसार अवरोध पन्छाउनु मुख्य कुरा हो । ओलीसँगको कुराकानीमा शेरबहादुर देउवाले पनि गठबन्धन तोडेर ओलीसँग जोडिने निचोड निकालेको छ । राजनीतिमा सबै कुरा जायज छ भन्ने मन्त्र त सबैलाई कण्ठस्थ छ नै, शेरबहादुर देउवाले गठबन्धन पार्टीसँग विश्वासघात गऱ्यो भने त्यो कुनै नौलो विषय बन्ने छैन ।

ओलीले आफ्नो शर्त पुरा नभएपनि शेरबहादुर देउवालाई आफूसँग सरकार बनाउन निम्तो दिएको छ । एमसीसी पनि पास गर्ने आश्वासनको भरमा उनले सहकर्मी मित्र पार्टीसँग सम्बन्ध तोड्न तयार भएको छ । आफ्नो स्वार्थ पुरा गर्न जेपनि गर्ने सर्वमान्य बनेको राजनीति अनुसार देउवाको कदम अगाडि बढेको हो । एमसीसीबारे माओवादी पार्टी क्लियर नरहेको कुराबाट देउवा सशंकित बनेको छ । संशोधन पश्चात् एमसीसी पास गराउने प्रचण्डको धारणा र एमसीसी पास गर्नु हुँदैन भनेर चट्टानी अडानमा रहेको माओवादीका नेता देव गुरूङको फरक विचारले माओवादी पार्टी क्लियर न रहेको स्पष्ट छ । जसपा पार्टी पनि द्वैध मानसिकतामा परेको छ । बाबुराम भट्टराई एमसीसीको पक्षमा छ भने उपेन्द्र यादब विपक्षमा छन् । यी सब कारणले एमसीसीका लागि गठबन्धन विश्वासिलो ठहर्न सक्दैन । एमसीसी पास गराउन संसद सुचारू हुन जरूरी छ । एमालेसँग सम्झौता नगरि संसद सुचारू हुन सक्दैन । त्यसकारण नयाँ समीकरण नबनी एमसीसी पास हुने सम्भावना न्यून देखिन्छ ।

अहिलेको गठबन्धनबाट यदि एमसीसी पास भयो भने माओवादी पार्टी र जसपा दुबै पार्टी फुट्ने सम्भावना बढी छ । चुनावमा अपेक्षित सफलता पाउने आश रहेपनि विभाजनको कष्टकर पीडा भने भोग्नै पर्ने हुन्छ । गठबन्धन टुट्यो भने पार्टी जोगिने तर चुनावमा घाटा हुने प्रष्ट छ । अहिले सरकारको एमसीसी पास गराउने एकमात्र एजेण्डामा राजनीति केन्द्रीत रहेकोले गठबन्धन पार्टीहरू सरकारमा रहने नरहने दावपेंचमा व्यस्त छन् ।

ओली जसरी पनि यो गठबन्धनलाई तोड्ने दाउमा छन् । ओलीका लागि माओवादी, एकीकृत समाजवादी तथा जसपा तीनवटै पार्टी दुश्मन प्रतिस्पर्धी रहेकोले चुनावमा सत्ताबाट लिने फायदा लिन नसकोस् भनेर ओली तीनवटै पार्टीलाई सत्ताबाट च्यूत गर्न चाहन्छ । ठूलो पार्टीको रूपमा रहेको एमालेबाट यो सम्भव पनि हुन सक्छ । तर दाउपेचको राजनीतिमा एमाले पार्टी निर्णायक भूमिकामा रहेपनि एमसीसी पास गर्न देउवासँग बन्ने गठबन्धनबाट हानी लाभ यिनले पनि भोग्नु पर्ने हुन्छ । सत्तामा आएपछि चुनावमा अपेक्षित सफलता मिल्ने ओलीको आकंलनविरूद्धको परिणाम पनि आउन सक्ने सम्भावना छ । अहिले एमसीसी राष्ट्रघाती भनेर उफ्रिने राष्ट्रवादी शक्तिहरू ओलीको विपक्षमा लाग्ने सम्भावना छ । दुष्परिणाम भोग्नै पर्ने अवस्था आए पार्टी विभाजन हुन सक्ने संकेत देखिन्छ । पार्टी विभाजन गराउन अहम भूमिका खेल्ने केपी शर्मा ओली समर्थक इतरका कार्यकर्ताको आम धारणाले विद्रोह गरि विभाजन गराउन सक्छन् । भीम रावलले त्यसको नेतृत्व गरि माधव नेपालसँग मिलेर चुनाव लड्ने अवस्था आउन सक्दछ ।

*मधेश वाणीबाट*

# मालपोत खाँदबारीमा ६ महिनामै सवा करोड बढी राजश्व संकलन




**खादबारी/मस–** मालपोत कार्यालय खाँदबारीमा ६ महिनाको अवधिमा झण्डै सवा २ करोड राजश्व संकलन भएको छ। मालपोत अधिकृत चन्द्रप्रसाद मिश्रका अनुसार साउनदेखि पुस मसान्तसम्ममा मालपोतमा जग्गा रजिष्टेशन शुल्क बापत १ करोड ६१ लख ८८ हजार ८ सय ७२ रुपैयाँ, पुँजीगत लाभकर ६४ लाख ६९ हजार १ सय १२ र अन्य शिर्षकमा ५ लाख ६८ हजार ९ सय २७ पनि संकलन भएको छ। यो ६ महिनाको अवधिमा मालपोतमा लिखित पास १३ सय २० वटा भएका छन्।

उनका अनुसार ४ सय ७५ कित्ता खारेज गरेर ११ सय ९ वटा कित्ता बनाइएको छ। गत वर्षको तुलनामा यो वर्ष राजश्व संकलन ६ महिनामा आधा भन्दा बढी संकलन भयो, उनले भने, यो वर्ष जग्गा किनबेच बढी भएको देखिएको छ।

राजश्व संकलन बढी देखिएपनि संकलितमध्ये ६० प्रतिशत स्थानीय तहमा र ४० प्रतिशत प्रदेश सरकारलाई पठाउनु पर्ने उनले बताए।

उठेका राजश्व सबै स्थानीय तह र प्रदेशमा नियमानुसार पठाउँछौ, उनले भने, हामीले कार्यालय प्रयोजनका लागि यो रकम खर्च गर्न मिल्दैन। उनले राजश्व संकलनको केही रकम कार्यालयका बिभिन्न काममा खर्च गर्न छुट्याउनु पर्ने बताए। खाँदबारीमा रहेको मालपोत कार्यालयले भोटखोला, चिचिला, सिलिचोङ, सभापोखरी, खाँदबारी र पाँचखपनका १ देखि ३ नम्बर वडाका सेवाग्राहीलाई सेवा दिँदै आएको छ।

मालपोत अधिकृत मिश्रले कार्यालयमा सेवा लिन आउँदा सक्कल नागरिकताको प्रमाणपत्र, पासपोट साइजको फोटो २ प्रति, सक्कल जग्गाधनी दर्ता प्रमाण पुर्जा, जग्गा लिदाको राजिनामा लिखत, चालु आवको मालपोत तिरेको रसिद / काम अनुसार आफु बसेको वडाको फोफोटाँस सहितको सिफारिस ल्याउनु पर्ने बताए।

'झण्डै ३ दशक अघि निर्माण भएको पुरानो भवनबाट सेवा दिँदै आएको मालपोत कार्यालयमा सबै शिर्षकमा आवश्यक बजेट निकासा नहुँदा समस्या छ,' उनले भने, 'कानूनी र प्रक्रियागत समस्याहरु जग्गा प्रशासन निर्देशिका र कार्यबिधिमा समयानुकूल परिमार्जित नहँदा धेरै समस्या छ। डिजिटल प्रविधिबाट सेवा शुरु भइसकेकाले इन्टरनेटको समस्याका कारण पनि सेवा प्रवाहमा समस्या भएको छ।' पहाडी जिल्ला भएकाले इन्टरनेटको समस्या छ, उनले भने, कागजी प्रक्रिया पूरा भएपनि सिस्टम नखुल्दा काम रोकिने गरेको छ।

# अनेरास्ववियुद्वारा वृद्धि शुल्क खारेज गर्न माग

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २४ माघ



नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियू सहिद नारायण पोखरेल रामापुर क्याम्पस कमिटीले क्याम्पस प्रमुखसमक्ष वृद्धि गरिएका शुल्कहरु खारेज गर्न माग गर्दै विज्ञप्ति बुझाएको छ। क्याम्पसले वृद्धि गरेको भर्ना शुल्क, मासिक शुल्कलगायत अन्य शुल्क खारेजीको माग विज्ञप्तिमा गरिएको छ।

अनेरास्ववियु कमिटीले सोमबार क्याम्पस प्रमुख यदुलाल पन्थलाई विज्ञप्ति बुझाएका थिए।

विज्ञप्तिमा कोभिड संक्रमणको यस महामारीमा विद्यार्थी साथै अभिभावकको ढाड सेक्ने गरी क्याम्पसबाट लिइने भर्ना शुल्क, विद्यार्थीको मासिक शुल्क लगायत अन्य शुल्कमा अस्वभाविक, अनियन्त्रित ढंगले वृद्धि गर्ने काम भएको र अनेरास्ववियुको सहमतिबिना गरिएको यस कार्य मान्य नहुने भन्दै सबै शुल्क तुरुन्तै खारेज गरी विद्यार्थीमाथि न्याय प्रदान गर्न जोडदार माग गरिएको छ। अनेरास्ववियु जिल्ला कमिटी कोषाध्यक्ष सुमित सापकोटा र जिल्ला तथा क्याम्पस कमिटीका नेताहरुको उपस्थितिमा क्याम्पस प्रमुखलाई प्रेस विज्ञप्ति बुझाइएको थियो। अनेरास्ववियूका नेताहरुले मागलाई बेवास्ता गरेमा चरणबद्ध आन्दोलनमा उत्रने चेतावनीसमेत दिएका छन।


## VACANCY ANNOUNCEMENT NOTICE!!!

Aakarshan International Pvt. Ltd., a Fair & Ethical Recruitment organization, is opening the vacancy notice for interested candidates on the following positions;

1. **International Marketing Officer-2**
   - Bachelor Degree with at least 1 year experience in the related filed.
2. **Public Relation Executives -2**
   - Completion of Intermediate level, related experience for 2-3 years.
3. **Public Relation Officer-4**
   - Completion of Intermediate level, having 1 year experience in the same filed.
4. **Admin Officer-3**
   - Completion of Intermediate level, having the experience of administrative and documentation filed at least for a year.
5. **Receptionists -2**
   - Completion of Intermediate level, with 2 years plus experience in the related filed.
6. **Business Development Officer-7**
   - Strong Knowledge of Ethical compliance and able to deal with the "ZERO COST" and "ETHICAL RECRUITMENT" practice.

Providing Fair, Ethical, Transparent and Equal opportunities with Zero Tolerance strategy for compliance of non discrimination. Hereby we request to share your latest CV along with Cover letter at: **admin@aakarshannepal.org** latest by **18th Feb 2022.** We confirm and make sure for maintaining the privacy and confidentiality of your documents and information you share with us at all level.

**Aakarshan International Pvt.Ltd.**
Aakarshan Building, Shambhu Marga, (Near Airport) Kathmandu, Nepal
(ISO 9001:2015 Certified Company)
Phone Number: 01 4498701 Email:contacts@aakarshannepal.org
Web: www.aakarshannepal.org
*An Ethical & Responsible Recruitment Organization*



## साउदीमा रोजगार | कम्पनी : EASTERN TEXTILE CO.. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/२२ चलानी नं.: ६०१६६९५५ LT. No.: 249849 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 10 | 0 | स. काममा दक्ष | 1200 | ३८,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन ३ गते (15 February 2022)मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Intermanagement Manpower Services Pvt. Ltd.**
Govt. Lic. No. 438/060/061
Gongabu-4, Kathmandu, Nepal, Tel: +977-1-4364208, Fax: +977-1-4353465
E-mail: widehorizon@wlink.com.np | Website: www.widehorizon.com.np



## कुवेतमा रोजगार | कम्पनी: NATIONAL UNION FOR PLASTIC FACTORY शहर: KUWAIT

पुर्व स्वीकृत मिति : २०७८/०९/२७ चलानी नं.: ६०१७२५४१ L.T. No.: 255993 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ५९,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cutting Machine Operator (Technician) | 10 | 0 | | 150 | ५९,१७६ | | | | | | | |
| 3. | Labour (Indoor) | 5 | 0 | | 90 | ३५,५०५ | | | | | | | |
| 4. | Paper Bag Operator (Technician) | 2 | 0 | | 150 | ५९,१७६ | | | | | | | |
| 5. | Plastic Bag Operator (Technician) | 4 | 0 | | 150 | ५९,१७६ | | | | | | | |
| 6. | Printer Operator (Technician) | 5 | 0 | | 150 | ५९,१७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन ३ गते (15 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Ajeets Management and Development Company Pvt. Ltd.**
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Slesh Mantak Marga, Sinamangal-9, Panchakumari Mandir Kathmandu
E-mail : nepalajeets@gmail.com



## मलेसियामा रोजगारको अवसर | कम्पनी : LYPOMETAL SDN.BHD. शहर : MALAYSIA

पूर्व स्वीकृती मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८३८ LT. No.: 234505 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 70 | 0 | स. काममा दक्ष | 1200 | ३४,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : PRESS METAL ENGINEERING SDN. BHD. शहर : MALAYSIA

पूर्व स्वीकृती मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८३९ LT. No.: 234502 पून विज्ञापन

| कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ३४,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३ गते (15 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**डि. प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि.**
श्रम इजाजत नं. ३७९/०५९/६०
G.P.O. Box: 8973, Npc: 577, पिंगलास्थान, विजयचोक, काठमाडौं, फोन: ४४९८७९२, फ्याक्स: ४४९६९८७
E-mail : dproton2211@gmail.com, Web.: www.dproton.com.np



## कतारमा रोजगारको अवसर | कम्पनी: LUNAR AC DUCT WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/१०/२४ चलानी नं.: ६०१७४०८० LT. No.: 257525

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 1 | 0 | | 1800 | ५८,५९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३ गते (15 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Excellent Manpower Services Pvt. Ltd.**
साविक: (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com



## मलेसियामा रोजगार | १. कम्पनी : MAGNUS FORCE SDN BHD शहर: TINGKAT

पूर्व स्वीकृत मिति: २०७६/०७/१८ पून स्वीकृत मिति: २०७८/१०/२४ चलानी नं.: ६०१४५५६७ पून चलानी नं.: ६९८ LT. No.: 226315

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 6 | 0 | स. काममा दक्ष | 1100 | ३१,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ३ गते (15 Feb. 2022) मा हुनेछ।

२. कम्पनी : NAIM SECURITY SERVICES SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०७/२७ पून स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१४६२२४ पून चलानी नं.: ६९७ LT. No.: 227078

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 37 | 0 | स. काममा दक्ष | 1100 | ३१,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ४ र ५ गते (16 & 17 Feb. 2022) मा हुनेछ।

३. कम्पनी : WOMO SECURITY (M) SDN BHD शहर: JOHOR BHARU

पूर्व स्वीकृत मिति: २०७६/०८/२६ पून स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१४८२१९ पून चलानी नं.: ६९६ LT. No.: 229113

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 6 | 0 | स. काममा दक्ष | 1100 | ३१,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ७ गते (18 Feb. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**AL HAYA** H.R. SOLUTION PVT. LTD.
Gov. Lic No. 1092/073/074
**Al Haya H.R. Solution Pvt. Ltd.**
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 4620295, 4620879
Email: alhaya.manager@gmail.com, md@alhayahr.com, alhaya.pro@gmail.com, Web.: www.alhayahr.com



## Qatar मा रोजगारको अवसर | कम्पनी: LOYOLA INTERNATIONAL SCHOOL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२४ चलानी नं.: ६०१७४१०३ L.T. No.: 257397

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 10 | स. काममा दक्ष | 1000 | ३२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३ गते (15 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**KALINCHWOK MANPOWER PVT. LTD.**
Govt. Lic No.: 203/057/058
G.P.O. Box: 12447, Dhumbarahi Marg, Kathmandu | Fax: 4419361
Tel: 01-4419397, 4445106, 4424753 | Mob.: 9818565246
E-mail: info@kmanpower.com | Web.: www.kmanpower.com



## UAE मा रोजगार | १. कम्पनी: ATLANTIC EXPORS LIMITED शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/२२ चलानी नं.: ६०१६६८७८ L.T. No.: 250015 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 20 | 11 | स. काममा दक्ष | 800 | २५,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३ र ४ गते (15 & 16 Feb. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
Lic No. 689/063/064
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं, फोन: ४३८४८३२, ४३८४८३३, फ्याक्स : ४३८४१८९
मो.: ९८४१४२२१८८, ९८०३५९१९५७, ९८६९२४४०००, ९८१८८५६६५५



## साउदीमा रोजगार | १ कम्पनी: HIDDEN FOUNDATION ABDULLAH IBN SHAJAAN AL-OTAIBI FOR PETS शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०७१ L.T. No.: 257509

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL MANDHAR AL JAMEEL FOR HOTEL SERVICS ONE PERSON COMPANY शहर: TAIF

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०७५ L.T. No.: 257418

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Room Service | 5 | 0 | स. काममा दक्ष | 1200 | ३८,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: THE SAUDI FACTORY FOR DOORS TECHNOLOGY, A BRANCH OF MAEEN AL-KHAIR COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०७४ L.T. No.: 257352

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Room Service | 5 | 0 | स. काममा दक्ष | 1200 | ३८,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: MOHAMMED ABDULLAH AL-TURAIF EST. FOR TENTS AND TARPAULINS शहर: HOFUF

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०७३ L.T. No.: 257511

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Welder | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: TURNING TECHNOLOGY CORPORATION शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०७२ L.T. No.: 257508

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३ गते (15 February 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | [illegible] |

[illegible]

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9803215045, 9801147203, 9851061402, 9815898777, 9854026594, 9801608479, 9801132810
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

# नयाँ प्रमुख प्रशासकीय अधिकृतको स्वागत, पूरानोको विदाई

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २४ माघ



बाँकेको नेपालगञ्ज उप-महानगरपालिकामा सरुवा भइ आएका प्रमुख प्रशासकीय अधिकृत जगत बस्नेतलाई सोमबार औपचारिक कार्यक्रम गरी कार्यालयमा स्वागत गरिएको छ।

यस्तै यसअघि रहेका प्रमुख प्रशासकीय अधिकृत गुरुदत्त सुवेदीलाई भने विदाई गरिएको छ। नेपालगञ्ज उप-महानगरपालिकाका नगरप्रमुख डा. धवलशम्शेर राणाले नयाँ प्रमुख प्रशासकीय अधिकृत बस्नेतको स्वागत गरेका छन् भने यसअघिका प्रमुख प्रशासकीय अधिकृत सुवेदीको विदाई गरेका छन्।

सुवेदीको करिब तीन महिनामै नेपालगञ्जबाट सरुवा भएको भन्दै नगरप्रमुख डा. राणाले अधिकृत सुवेदीले नेपालगञ्जको विकास निर्माणको सन्दर्भमा छोटो समयमै महत्वपूर्ण काम गरेको भन्दै धन्यवाद ज्ञापन गरेका थिए।

उनले नयाँ प्रमुख प्रशासकीय अधिकृत बस्नेतको कार्यकालमा यहाँ विकास निर्माणका कामले गति लिने विश्वास समेत व्यक्त गरे।


सुवेदीले छोटो समयमा नेपालगञ्जमा सबैको साथ र सहयोग पाएको भन्दै सबैलाई धन्यवाद ज्ञापन गरेका थिए।

नयाँ प्रमुख प्रशासकीय अधिकृत बस्नेतले जनप्रतिनिधि र कर्मचारी सबैको साथ र सहयोग लिएर नेपालगञ्जको विकास निर्माणमा इँट्टा थप्ने प्रयास गर्ने बताए।

गृह मन्त्रालयमा रहँदा विभिन्न जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी वहन गरी सकेका बस्नेतले दैलेख जिल्लाको नारायण नगरपालिका, सल्यानको बागचौर नगरपालिका र सुर्खेतको भेरी गंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको पनि जिम्मेवारी सम्हालिसकेका छन्।

यस्तै बस्नेतले यसअघि बाँके जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको रुपमा पनि जिम्मेवारी निर्वाह गरेका थिए।

## गुणस्तरहीन खाद्य वस्तु नष्ट



**सुर्खेत/मस-** खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतले करिब चार लाख रुपैयाँ मूल्य बराबरको गुणस्तरहीन विभिन्न खाद्य वस्तु जफत गरी नष्ट गरेको जनाएको छ।

चालु आर्थिक वर्षको छ महिनामा खाद्य उद्योग, होटेल, पसल, दाना उद्योगलगायतमा ३६८ पटक अनुगमन गरेको जनाएको हो। कार्यालयका प्रमुख भेषबहादुर थापाले नियमित बजार अनुगमन तथा खाद्यवस्तुको गुणस्तरबारे सचेतना र गुणस्तर मापनको काम भइरहेको बताए। कोरोना महामारीका बेला हुनसक्ने कालोबजारी नियन्त्रणका लागि बजार अनुगमन बढाइएको बताए।

'गुणास्तर मापनका लागि पछिल्लो समय दैनिक उपभोग्य वस्तुका नमूना परीक्षणसमेत बढाइएको छ,' प्रमुख थापाले भने,'दैनिक उपभोग्य वस्तुमा कैफियत भेटिन थालेपछि अनुगमन गरी कारबाहीका लागि सिफारिस गर्ने गरेका छौं, १२ वटा मुद्दा अदालतमा पुगेकामा केहीको फैसलासमेत भइसकेका र केही प्रक्रियामै छन्।'

कार्यालयले चालु आर्थिक वर्षको हालसम्म खाद्य उद्योगहरूमा १३ पटक अनुगमन, अन्य ४५ उद्योगमा निरीक्षण र खाद्य पसल, सुपरमार्केट, रेस्टुरेन्ट तथा मिठाई पसलमा गरी २६८ पटक अनुगमन, दाना उद्योगमा दुईपटक अनुगमन गरिएको जनाएको छ।

कार्यालयले भुसाल इन्टरप्राइजेज छिन्चुमा लेबल नभएको ५० बोरा चामल बिक्रीमा रोक, खाद्य व्यापार कम्पनीको एक हजार ९७५ क्विन्टल चामल रोक्का, आरपी जनरल स्टोर्स ५४ पेटी भेनिगर तथा १५० पेटी सोया ससमा रोक्का गरिएको र पटक-पटकको निर्देशन पालना नगर्ने दुई उद्योगको कारोबार रोक्का गरिएको जनाएको छ। उक्त कार्यालयले कर्णाली र सुर्खेतका साथै दैलेख, जाजरकोट, रूकुम पश्चिम, डोल्पा र हुम्लामा खाद्य गुणस्तरसम्बन्धी अनुगमन गर्दै आएको जनाएको छ।

### एडभान्स जानीटोरीयल सर्भिस प्रा.लि को हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

पहिलो पटक प्रकाशित मिति २०७८।१०।२५

## प्रारम्भिक वातावरणीय परिक्षणसम्बन्धी ७ दिने सार्बजनिक सूचना

**प्रकाशन मितिः २०७८/१०/२५**

प्रदेश नं १ खोटाङ जिल्ला, हलेसी तुवाचुङ नगरपालिकास्थित हलेसीमा प्रस्ताव गरिएको मन्जुश्री एरिया पार्कको पूर्वाधार निर्माण गर्ने योजना प्रस्ताव गर्न लागेकोमा सो प्रस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination–IEE) अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रसायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक प्रणाली, यिनका अवयवहरुको अन्तरक्रिया तथा अन्तर सम्बन्धमा के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने सरोकारवाला व्यक्ति तथा संघसंस्थाको लिखित रायसुझाव लिन वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम बमोजिम सूचना प्रकाशित गरिएकोले, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी रायसुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**प्रस्तावकको नाम र ठेगाना : हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुर्छिम, खोटाङ**

| क्र.स. | प्रस्तावको व्यहोरा | प्रभाव पर्न सक्ने वडा |
|---|---|---|
| १ | प्रदेश नं १ खोटाङ जिल्ला, हलेसीमा प्रस्ताव गरिएको मन्जुश्री एरिया पार्कको पूर्वाधार निर्माण | ०७ |

**राय सुझाव पठाउने ठेगाना :**
**हलेसी तुवाचुङ नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय,**
**दुर्छिम, खोटाङ**
**प्रदेश न. १**
**फोन न. : ९८५१००२३५४**
**इमेल :** tuwachung.mun@gmail.com

**परामर्शदाता :**
**नाम :** Aaral Engineering Solutions Pvt. Ltd.
**ठेगाना :** Anamnagar, Kathmandu
**फोन न. : ९८५११०९३८१**
**इमेल :** aaralengineering@gmail.com

---

## मार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लटिनाथ, दार्चुला**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८।१०।२५ गते)**

**सूचना नं. ४२**

उपरोक्त सम्बन्धमा यस मार्मा गाउँपालिकाको कार्यालयको मिति २०७८।१०।२४ गतेको निर्णय अनुसार यस मार्मा गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रका लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०९/०७८-७९ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
   क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह अतीर्ण गरेको ।
   ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
   ग) आधारभुत कम्प्युटर सीपसम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।
२. दरखास्त दिने अन्तिम मिति **२०७८।११।०९ गते**
३. आवेदनको दस्तुर रु ५००/- (रु. पाँच सय मात्र) ।
४ **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।
५. **आवेदन साथ सम्लग्न कागजातहरु :** आवेदक सयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु
   क. नागरिकता
   ख. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाणपत्र
   घ. तालिमको प्रमाणपत्र ।
   ङ अनुभव भए सोको कागजात ।
   च २ प्रति पासपोट साईजको फोटो
६. **सेवा सुविधा तथा अन्य :** स्थानिय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ती सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ। (आवेदनको ढाचा र रोजगार सहायक पदको कार्यविवरण पाठ्यक्रम लगाएत पदपूर्ती सम्बन्धी अन्य विस्तृत जानकारी www.pmep.gov.np वेवसाइटबाट उपलब्ध हुनेछ ।

**निः प्रमुख प्रशासकीय अधिकृत**

# बक्स अफिस समाचार

## सिनेमा हल खुल्दै, रोकिएका फिल्म रिलिजको तयारी



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ

फागुन १ गतेदेखि सिनेमा हल सञ्चालन गर्न पाइने भएको छ। आइतबार बसेको प्रमुख जिल्ला अधिकारीहरूको बैठकले सिनेमा हल, जिम खाना, डान्सबार, दोहोरी साँझसहित रात्रिकालीन व्यवसाय खोल्न दिने निर्णय गरेको हो । तर, राति १० बजेपछि भने यस्ता व्यवसाय सञ्चालन गर्न नपाइने प्रशासनले जनाएको छ। व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्नुपर्ने छ । कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण बढेपछि भिडभाड हुने रात्रीकालीन व्यवसाय सञ्चालनमा रोक लगाइएको थियो ।

हल खुल्ने भएसँगै चल्दाचल्दै रोकिएका फिल्मलाई पुनः रिलिज गर्ने तयारी गरिएको छ। स्पाइडरम्यान, पुष्पा, कठ्पुतली, जापानी सुपरहिरो फिल्म एनिमे र चपली हाइट ३ चल्दाचल्दै रोकिएका थिए । नयाँ फिल्म रिलिज नहुने भएपछि फागुन २ गते परेको भ्यालेन्टाइन्स डे रित्तै हुने भएको छ । कोरोना महामारीअघिका वर्षमा भ्यालेन्टाइन डेमा फिल्म हेर्न दर्शकको घुइँचो लाग्थ्यो ।

एप्पल इन्टरटेनमेन्टले हलिउडको बहुप्रतीक्षित फिल्म किंग्सम्यानलाई फागुनको पहिलो शुक्रबारदेखि रिलिज गर्ने भएको छ जसले गर्दा हल खुलेलगत्तै किंग्सम्यान आउने छैन। वितरक मनोज राठीले १ गतेसम्मको अवस्था हेरेर रवि तेजा स्टारर फिल्म 'खिलाडी' रिलिज वा नगर्ने निर्णय हुने बताए । भारतमा ११ फेव्रुअरीमै रिलिज हुने भएपनि नेपालमा चाहिँ यसबारे टुंगो लागिसकेको छैन ।

यस्तै रिलिजका लागि पाँच दर्जनभन्दा बढी चलचित्र पालो पर्खेर बसेका छन् । जसमा 'कबड्डी ४, कृष्णलीला, दोख, प्रेमगीत ३, आईएम २१, बोक्सीको घर, लक्का जवान, प्रकाश, मन्त्र, लप्पनछप्पन २, म यस्तो गीत गाउँछु २, ए मेरो हजुर ४, हिंड्दा हिंड्दै, डिसेम्बर फल्स' छन् ।

यस्तै रिलिजका लागि नै तयार भएका अन्य चलचित्रमा 'उफ् यो मन, आकाशे खेती, सम्हालिन्छ कहिले मन, नालापानी, तीन जन्तु, हिजोआजका कुरा, हेलो जिन्दगी, गुञ्जन, विच्छेद, घनचक्कर, सम्झना बिर्सना, माइकल अधिकारी, पानी फोटो, जारी, ऐना झ्यालको पुतली, निरफूल, तिम्रो मेरो साथ' छन् ।

'ठूलो माछा, आधा सुर, मन्द मन्द, यो माया कस्तो माया, गीत गजल, इन्काउन्टर, हल्कारा, प्रेमगञ्ज, म राजेश हमाल, बीए पास, हली, गोर्खा वारियर २, पोखराकी काली, काँडेतार, उल्झन, झिंगे दाउ, माया बस्छ कि के हो, मेरो आफ्नो, बाबरी' पनि रिलिजका लागि तयार भएर बसेका छन् ।

## 'सरस्वती वन्दना' भजनको भिडियो सार्वजनिक



काठमाडौं/मस- वसन्त पञ्चमीको अवसर पारेर क्रिएटिभ स्मार्ट पाठशालाले 'सरस्वती वन्दना' भजनको भिडियो सार्वजनिक गरेको छ । यसमा विद्याकी देवी सरस्वतीका १५ वटै रुपहरु भारती, सरस्वती, शारदा, हंसवाहिनी, जगन्माता, वागेश्वरी, कुमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, भुवनेश्वरी, मुकुटधारी, विणाधारीको वर्णन गरिएको छ । देवी सरस्वतीप्रति भक्तिभाव जगाउने धेरै वन्दनाहरु छन् । यो वन्दना नेपालमै पहिलो पटक छायांकन गरी सार्वजनिक गरिएको निर्माण पक्षको दाबी छ ।

एलपि शर्मा भेट्वालको शब्द, बविना भट्टराईको स्वर तथा संगीत, प्रदिप श्रेष्ठको कोरियोग्राफी रहेको भिडियोका निर्देशक सुशिल क्षेत्री हुन् । देवी सरस्वती प्रति भक्तिभाव राख्ने श्रोता दर्शकलाई आनन्दानुभूति गराउने भिडियोमा बविना भट्टराई, सोफिया भेटवाल आदिको अभिनय रहेको छ भने क्यामरा सरोज रञ्जित, सम्पादन राजन महर्जनको रहेको छ ।

## 'म'को छायांकन सम्पन्न

**काठमाडौं/मस-** फिल्म 'म' को छायांकन सकिएको छ । क्यामेरा 'अन' भएको २६औं दिनमा आइतवार फिल्मको छायांकन सकिएको निर्देशक सुवर्ण थापाले जानकारी दिए । फिल्मको सम्पूर्ण छायांकन काठमाडौंमा नै भएको हो । फिल्मको अधिकांश सिनहरुको अनलाइन इडिटिङ्ग भइसकेको र माहोल राम्रो भएको खण्डमा आगामी जेठ महिनाभित्र प्रदर्शन गर्ने निर्माण टिमको योजना छ ।

फिल्म सम्बन्धि अध्यापन गराउँदै आएको कान्तिपुर फिल्म एकेडेमीले फिल्मको निर्माण गरेको हो । 'म' को तीन वर्षअघि निर्माण घोषणा गरेर केही प्रतिशत छायांकन समेत भइसकेको थियो । तर, सोचेअनुरुप काम ननिस्किएपछि निर्माण टिमले 'कास्ट एन्ड क्रियू' परिवर्तन गरेर फेरि सुरुवातबाट छायांकन गरेको हो । जसका कारण एकेडेमीको मोटो रकम बालुवामा पानी सरह भयो ।

सरोज खनाल, सरिता लामिछाने, निशा अधिकारी, रुविना थापा, सविन श्रेष्ठ, निराजन प्रधान, पुनम श्रेष्ठ, संजोग रसाईली, नरेन खड्काको अभिनय रहेको फिल्मको निर्मातामा विमला हुमागाई र पदम पुरी छन् । फिल्मलाई तेन्जिङ्ग पाल्देनले खिचेका हुन् । महामारीका बावजूद पनि सम्पूर्ण टिमको सहयोगले फिल्मको छायांकन सम्भव भएको एकेडेमीका सिईओ प्रकाश पुरीले बताए ।

## 'किन यसरी'मा आकाश र अञ्जली

**काठमाडौं/मस-** अभिनेता आकाश श्रेष्ठ र मोडल अञ्जली अधिकारी अभिनित गीत 'किन यसरी' सार्वजनिक भएको छ । डम्बर खनाल 'आर्यन' को शब्द, संगीत तथा स्वर रहेको गीतको भिडियो विधान कार्कीले निर्देशन गरेका हुन् । गीतमा लामो समयपछि भेट भएकी प्रेमिका प्रति पोखिएका गुनासा छन् । भिडियोले पनि गीतकै थिम कथाको रुपमा उठाएको छ ।

गायक खनाल हाल अमेरिका रहेका छन् । अमेरिका रहेपनि बेला-बेलामा गीत सार्वजनिक गर्दै आएका उनका केही गीत अझै रिलिजको क्रममा छन् ।


### माादी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### मादी, संखुवासभा, प्रदेश नं. १, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/१०/२५**

यस कार्यालयबाट मिति २०७८/०९/२१ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निर्धारित समयसिमा भित्र विद्युतीय प्रणाली मार्फत रितपुर्वक पेश हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताको कबोल अङ्क न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र ठहरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | सफल बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.क. र पि. एस. सहित) |
|---|---|---|---|---|
| 1 | MM/W/NCB/05/078-79 | Mawadin Health Post Building Construction | Dharmadevi Construction Pvt. Ltd., Dharmadevi-6, Sankhuwasabha | 34,57,616.77 |

**प्रमुख प्रशासकीय अधिकृत**



### शंखरापुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यलय
### साँखु, काठमाण्डौ

**शिलबन्दी दरभाउ स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७८/१०/२५)**

यस कार्यालयबाट तपशिलमा उल्लेखित योजना निर्माणको लागि शिलबन्दी दरभाउ आव्हान सम्बन्धी सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएको दरभाउहरुको प्रस्ताव मध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न | योजनाको नाम | ठेक्का न | न्युन्तम मुल्याङकित दरभाउदाताको नाम | कबोल अङ्क रू. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | Upgrading Of Bairmahadev Moktantol Hudai Ladantol Sadak | SMO/78-79/39 | Chaukivanjyang Builders, Shankharapur Municipal-02, Kathmandu | 10,88,900/- |
| 2 | Upgrading Of Lambisauna Bisramey Sadak | SMO/78-79/40 | Chaukivanjyang Builders, Shankharapur Municipal-02, Kathmandu | 10,32,144/- |
| 3 | Upgrading Of Fedibun Kaule Hudai Chaukivanjyang Sadak | SMO/78-79/42 | Chaukivanjyang Builders, Shankharapur Municipal-02, Kathmandu | 13,66,822/- |
| 4 | Ugratara Pustakalya Nirman | SMO/78-79/47 | Kritagya Construction and Suppliers, Gokarneswar-06, kathmandu | 15,53,345/- |

**प्रमुख प्रशासकीय अधिकृत**



### Khandbari Municipality
### Office of The Municipal Executive
**Khandbari, Sankhuwasabha**
**Province No.1, Nepal**

**Invitation for Sealed Quotation**

**Date of Publication: 2078-10-25(2022-Feb-08)**

1. ***Khandbari Municipality, Sankhuwasabha*** invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (Without Vat) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs.(Not refundable) | Remark |
|---|---|---|---|---|---|
| KMO/SQN/GOODS/ 12/078/079 | Procurement of Electronics Materials | 8,83,185.84 | 26,000.00 | 1,000.00 | |

2. **Details of Bid:**

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|
| Procurement of Electronics Materials (KMO/SQN/ GOODS/12/078/079) | 45 Days after bid opening (2078-12-25) | 30 days beyond Bid Validity Period (2079-01-25) | 2078-11-11, 12:00 Hrs. | 2078-11-11, 14:00 Hrs | Electronics Bid Only. |

3. For Further Details bidders are requested visit website www.khandbarimun.gov.np or notice board of Khandbari Municipality Office or may visit PPMO egp system *www.bolpatra.gov.np/egp.*
4. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank :** Rastriya Banijya Bank, Branch Office, Sankhuwasabha **Name of Office:** Khandbari Municipality Office
   **Office Code Number:** 365-05-11 **Office Account Number:** 2080100301010002 (Internal Rajaswa Account)
   **Dharauti Khata Number:** 2080100303000002
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Must be Required of the Authorized Letter
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



### हिमागाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### कालिकाखेतु, जुम्ला
### कर्णालीप्रदेश, नेपाल

**आशयको सूचना गारिएको सम्बन्धमा**

**सूचना प्रकाशित मिति:२०७८/१०/२५**

यस हिमा गाँउपालिकाबाट तपशिल बमोजिमको मितिमा तपशिल बमोजिमको निर्माण कार्यको वोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न अएका बोलपत्रहरु मध्य तपशिल बमोजिमको बोलपत्रदाता न्युनतम मूल्याङ्कित सारभूतरुपमा ठहर हुन आएकोले, स्विकृतिको लागि सिफारिस भएकोमा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | सूचना प्रकाशित मिति | न्युनतम मूल्याङ्कित रुपमा सारभूत देखिएको बोलपत्र दाता | कबोल अङ्क भ्याटसहित |
|---|---|---|---|---|---|
| 1 | HRM/NCB/WORK/ WORKS/2078/79/01 | Jogibadachalse dekhi chemagaun Sam-ma Gramin Sadak Nirman ward no.3 | 2078-10-25 | RNB builders- Jumla | 2305116.38 |
| 2 | HRM/NCB/WORK/ WORKS/2078/79/02 | Syargaun pigi Hudai Modari samma Sadak Nirman ward no-1 | 2078-10-25 | Lama bishnuNirmanSewa Farm- Bardya | 2451661.92 |

**प्रमुख प्रशासकीय अधिकृत**
**रण बहादुर बुढा**

# दोस्रो पटक विश्वकप खेल्ने अवसर



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ

नेपाली राष्ट्रिय क्रिकेट टिम मंगलबार ओमान जाँदै छ । ओमानमा हुने चारदेशिय टी २० क्रिकेट सिरिज र त्यसपछि हुने विश्वकपको ग्लोबल छनोटका लागि नेपाली क्रिकेट टिम मंगलबार ओमान जान लागेको हो ।

विश्वकपको ग्लोबल छनोट अघि आयोजक ओमान, नेपाल, युएई र आयरल्यान्डबीच चारदेशीय सिरिज हुनेछ। सिरिज अन्तर्गत नेपालले आफ्नो पहिलो खेल ओमानविरुद्ध फेब्रुअरी ११ तारिखमा खेल्नेछ भने दोस्रो खेल युएईविरुद्ध फेब्रुअरी १२ तारिखमा खेल्नेछ । नेपालले अन्तिम खेल आयरल्यान्डविरुद्ध फेब्रुअरी १४ मा खेल्ने तालिका रहेको छ ।

त्यसैगरी, विश्वकप छनोट अन्तर्गत नेपालले समूह चरणमा क्यानाडा, आयोजक ओमान र फिलिपिन्सविरुद्ध खेल्ने तालिका रहेको छ। नेपालले आफ्नो पहिलो खेल ओमानविरुद्ध फेब्रुअरी १८ तारिखमा खेल्नेछ । नेपालको दोस्रो खेल फिलिपिन्सविरुद्ध १९ तथा तेस्रो खेल क्यानाडाविरुद्ध २१ तारिखमा हुनेछ ।

सन् २०१४ मा टी २० विश्वकप खेलेपछि पहिलो पटक सोझै ग्लोबल छनोट खेल्ने मौका पाएको नेपाली टिम अघिल्लो पटक एशिया छनोटबाट नै बाहिरीएको थियो । यो पटक नेपाली टिमलाई एशिया छनोट नखेल्दै ग्लोबल छनोट खेल्ने मौका हुँदा टिमलाई विश्वकपमा स्थान बनाउने झिनो अवसर रहेको छ ।

नेपालले ओमान भ्रमणका लागि पुस १८ गतेबाट बन्द प्रशिक्षण गर्ने भन्दै पुस १५ गते ३० खेलाडीलाई बोलाएको थियो । तर खेलाडी र क्यानबीचको विवादका कारण १८ गते सबै खेलाडी उपस्थित भएनन् ।

क्यानले तत्कालीन कप्तान ज्ञानेन्द्र मल्ल, उपकप्तान दीपेन्द्रसिंह ऐरीसहित सोमपाल कामी र कमलसिंह ऐरीलाई २०२२ को पहिलो ६ महिना सेन्ट्रल कन्ट्रयाक्टमा नराख्ने र ज्ञानेन्द्र र दीपेन्द्रसिंहलाई कप्तान र उपकप्तानको जिम्मेवारीबाट हटाइदिएको थियो । खेलाडीले त्यसको विरोध गरेका थिए । निरन्तरको वार्तापछि पुस २० गते खेलाडी र क्यानबीच सहमति जुटेको थियो । त्यसपछि टिमले पूर्ण रूपमा प्रशिक्षण थालेको थियो ।

यो पटक नेपाली टिम ओमान पुग्दा टिममा पनि केहि परिवर्तन भइसकेको छ । टिमको प्रशिक्षक देखि कप्तान नै परिवर्तन भएका छन् । अघिल्लो पटक अर्थात सन् २०२१ मा नेपाली टिम ओमान जाँदा डेभ ह्वाटमोर प्रशिक्षक थिए भने कप्तानका रुपमा ज्ञानेन्द्र मल्ल थिए । यो पटक मल्लको स्थान सन्दिप लामिछानेले लिएका छन् । यो पटक सन्दिपको काँधमा यति ठूलो जिम्मेवारी छ ।

अन्तराष्ट्रिय फ्रेन्चाइजी लिगको अनुभव धेरै बोकेका सन्दिपलाई सिनियर टिमको नेतृत्व सम्हाल्ने जिम्मेवारी पहिलो पटक आएको हो । तर उनलाई यो मिश्रीत टिमलाई कसरी अगाडी बढाउने भन्ने ठूलो चुनौती छ ।

ओमानी भूमीमा नेपालले पछिल्लो तीन बर्षमा तीन वटा सिरिज खेलेको छ । जसमा एक पटक पाँचदेशीय टी-२० सिरिज, जुन सन् २०१९ मा भएको थियो । त्यसपछि २०२१ मा पपुवा न्युगिनीसँग दुई वटा एकदिवसीयको मैत्रीपुर्ण सिरिज र लगत्तै आइसीसी एकदिवसीय विश्वकप क्रिकेट लिग टु को सिरिज खेलेको थियो ।

# सर्वोच्चमा सुनुवाइ नहुँदा राखेप विवाद सुल्झिएन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ

झण्डै डेढ महिनादेखि राष्ट्रिय खेलकुद परिषद् (राखेप) नेतृत्वविहीन छ । राखेप नेतृत्वविहीन हुँदा खेलकुद क्षेत्र ठप्प बनेको छ। सर्वोच्च अदालतमा सदस्य सचिवको बर्खास्ती र नयाँ नियुक्ति सम्बन्धी विचाराधीन रिटमा सुनुवाइ हुन नसक्दा कुनै निचोड निस्किएको छैन । जसका कारण राखेपमा समस्या बढ्दै गएको छ ।

सोमबार पनि सदस्य सचिवको बर्खास्ती र नयाँ नियुक्ति सम्बन्धी सर्वोच्च अदालतमा विचाराधिन रिट पेसी नै नचढी स्थगित भएको छ । कोभिड १९ का कारण सिमित काम मात्र हुने भएको स्थगित गरिएको सर्वोच्चले बताएको छ ।

आफ्नो बर्खास्ती र नयाँ नियुक्तिविरुद्ध रमेशकुमार सिलवालले सर्वोच्चमा दायर गरेको रिटको सुनुवाइ पेसीमै नचढी स्थगित भएको हो । सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै थप सुनुवाइका लागि पेसी तोकेको यो तेस्रोपल्ट हो । तर अहिलेसम्म सुनुवाइ हुन सकेको छैन । शुरुमा पुस १२ गते र माघ ३ गते पेसी तोकिए पनि हेर्न नभ्याइनेमा परेको थियो । मंसिर २९ गते न्यायाधीश हरिप्रसाद फुयालको इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । सर्वोच्चका अनुसार अर्को पेसी फागुन २ गतेका लागि तोकिएको छ । मन्त्रिपरिषद्को सदस्य सचिव नियुक्तिका बारेमा गरेको पछिल्लो निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले मंसिर २९ गते अल्पकालिन अन्तरिम आदेश गरेको थियो ।


## Invitation for Bids

**Soru Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Jeema,Mugu**

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project**

**Date of publication: 2078/10/25(8th Feb 2022)**

1) Soru Rural Municipality Office,Jeema,Mugu invites National Competitive Bidding(NCB) from registered contractors for the construction of following works.
2) The Estimated amount for the works are as specified on the following Table.
3) Eligible Bidders may get further information on telephone: 9858322512/9864298573 email: ito.sorumun@gmail.com
4) Bidders shall have to submit their bid electronically only. No Hard copy will be provided or accepted in the office.
5) Bid shall be opened in the presence Or in the absence of Bidders representatives choosen by Bidders to attend at 14:00 hour and 2078/11/26 at the office of Soru Rural Municipality Office,Jeema,Mugu .
6) Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for 30 days beyond the bid validity period.
7) If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Office Account No.4510100303000002 at RBB Bank, Sorukot Branch and submit the receipt of the deposited amount of cash along with the bid document and Office Account no: .4510100301010002 (for Bid document cost).
8) If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10) The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**1.Table:-**

| S.No. | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount ( Including VAT and PS) |
|---|---|---|---|---|---|
| 1. | SRM/NCB/WORKS/ BUILDING/01/2078-079 | Malika Adharbhut Bidhyalaye Bhawan Nirman | 200000.00 | 3,000.00 | NRs:8100000.00 |
| 2. | SRM/NCB/WORKS/ CANAL/02/2078- 079 | Kamalbada Dekhi Lauthi Samma Sichai Kulo Nirman. | 190000.00 | 3000.00 | NRs: 7625000.00 |

**Chief Administrative Officer**



## साउदीमा रोजगार

कम्पनी: ABDULLAH SADHAN BIN MOHAMMED AL HARBI CONTRACTING EST
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/१०/२४ चलानी नं.: ६०१७४१२१ LT. No.:256877

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ३ गते (15 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, रिङ्गरोड बसुन्धारा–३, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३,
Mobile: 9806930601,9841996571,9841996572,9841996573
Email : Info@trivenioverseas.com, trivenioverseas.nepal@gmail.com Web:www.trivenioverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : Al Buwaba Al Kuwaitiya For Building Security Company W.L.L. शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०७८/०९/११ चलानी नं.: ६०१७१२५१ LT. No.:254519 पून:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 125 | ४९,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५.४ इन्च भन्दा माथि उचाई भएका र सामान्य अंग्रेजी बोल्न सक्ने हुनुपर्छ । उमेर २२ देखि ४० वर्ष सम्म भएका ।

५. कम्पनी : European Concrete Ready Mix & Cont. Co. W.L.L. शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०७८/०९/११ चलानी नं.: ६०१७१२६४ LT. No.:254730 पून:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५९,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Diesel Mechanic | 3 | 0 | | 200 | ७८,९०२ | | | | | | | |
| 3. | Heavy Driver | 8 | 0 | | 180 | ७१,०११ | | | | | | | |
| 4. | Labour | 6 | 0 | | 100 | ३९,४५१ | | | | | | | |
| 5. | Moving Crane Operator | 1 | 0 | | 200 | ७८,९०२ | | | | | | | |
| 6. | Moving Pump Operator | 1 | 0 | | 200 | ७८,९०२ | | | | | | | |
| 7. | Operator | 2 | 0 | | 150 | ५९,१७६ | | | | | | | |
| 8. | Tire Man | 2 | 0 | | 140 | ५५,२३१ | | | | | | | |

अन्तरबार्ता मलङ्वा नगरपालिका, खुटौना सर्लाहिमा २०७८ फागुन ३ गते (15 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं.: १२५/०५५/०५६
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np



**चंखेली गाउँपालिका**
**गाउँकार्यपालिकको कार्यालय**
**पिप्लाङ्ग, हुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :-२०७८/१०/२५**

यस चंखेली गाउँपालिका हुम्लाको आ. वा. ०७८\०७९ को लागि तपशील बमोजिमका सडक र भवन योजनाहरु निर्माण ठेक्का पट्टाबाट गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यबसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही बोलपत्र खरीद गरी ३१ औं दिनको १२:०० बजे भीत्र रीत पूर्वकको बोलपत्र दर्ता गर्न आव्हान गरीएको छ ।

१. बोलपत्र फारम रु ३००० (पछि फिर्ता नहुने ) तिरी यस कार्यालयबाट खरीद गर्न लिखित निवेदनको साथ चालु आ. व. को लागि नवीकरण गरीएको इजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र मुल्य अभीबृदिकर दर्ता पत्रका प्रतिलिपिहरु पेश गरी ३० औं दिनको कार्यालय समय भीत्र खरीद गरी ३१ औं दिनको १२:०० बजे भित्र सिलबन्दी गरी बोलपत्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ । दर्ता भएका बोलपत्र ३१ औं दिनको २:०० बजे भीत्र कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवोरमा चंखेली गाउपालिकाको कार्यालयमा खोलीनेछ । बोलपत्र दाता वा निजकों प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
२. बोलपत्र निम्न अनुसारको धरौटी रकम जमानत बापत चंखेली गाउपालिकाको **ग्लोबल आइएनई बैंक चंखेली शाखामा रहेको खाता नं T३०४०१००००००२** मा जम्मा गरीएको सक्कली बैंक भौचर वा बोलपत्र दाखिल गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको नेपाल राषट्र बैंकबाट यस कार्यालयको नाममा जारी गरीएको बीडबन्ड (बैंक ग्यारेन्टी ) पेश गर्नु पर्नेछ ।
३. बोलपत्र खरीद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसकों लगतै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा गरीनेछ ।
४. बोलपत्र आइटम वाईज दर अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ र अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
५. व्यबसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको व्योहोरा सार्बजनिक खरीद निमावली २०६४ को नियम ४० को उपनियम २ (ङ ) बमोजिमका घोषणा पत्र बोलपत्र साथ बोलपत्र दाता ले पेश गर्नु पर्नेछ ।
६. ठेक्का स्वीकृत भएपछि ठेक्का अवधि भरमा मुल्य बृद्धि भए वापत थप दाबी गर्न पाइनेछैन ।
७. कुनै शर्त राखी म्याद नाघि आएको वा रीत नपूगी आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१०. विस्तृत जानकारिकों लागि यस कार्यालयमा सम्पर्क राखी बुझन सकिनेछ ।

**तपशील**

| सि नं | ठेक्का नं. | कामको विवरण | लागत अनुमान कन्टीजेन्सी, भ्याट सहित | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | CRM ०५/०७८-०७९ | गौरीसल्ला देखि ब्याफु सम्म ग्रामीण सडक निर्माण | ५३०००००.००।- | १३५०००.००।- | |
| २ | CRM ०६/०७८-०७९ | हिमालय मा. वि . स्कूल भवन निर्माण | ३४०००००.००।- | ८५००० .००।- | |

**प्रमुख प्रशासकिय अधिकृत**

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२५ माघ २०७८, मंगलबार
08 February 2022, Tuesday



**गहुँबालीमा सेताम्मे हिंउ**

*बैतडीको पाटन नगरपालिका-४ स्थित चिल्लेपानीमा किसानले लगाएको गहुँबालीमा परेको हिउँ । तस्बिर : विनोद सिंह विष्ट/रासस*

## अघि बढ्यो नेपाल सहकारी बैंकको दर्ता प्रक्रिया

**काठमाडौं/मस** - नेपाल सहकारी बैंक लिमिटेडको दर्ता प्रक्रिया अगाडि बढेको छ । प्रस्तावित बैंकका तदर्थ सञ्चालक समितिका अध्यक्ष सुरेन्द्र भण्डारीले प्रस्तावित बैंकको अवधारणापत्र र सम्भाव्यता अध्ययनको विषयमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद लामिछाने, डेपुटी गभर्नरलगायत उच्च अधिकारीसमक्ष प्रस्तुतीकरण गरेका थिए । नेपाल राष्ट्र बैंकमा आयोजित कार्यक्रममा अध्यक्ष भण्डारीले राष्ट्र बैंकले तोकेअनुसारको सबै प्रक्रिया पूरा गरी प्रस्ताव तयार गरेको बताए । प्रतिस्पर्धात्मक मुलुकमा एउटा मात्र बैंकले करिब ३० हजार सहकारीको कारोबार र अन्य आर्थिक क्रियाकलाप गर्न नसक्ने भएपछि नेपाल सहकारी बैंक दर्ता प्रक्रिया सुरु गरेको जानकारी दिए ।

कार्यक्रममा प्रस्तावित बैंकका प्रमुख सल्लाहकार आनन्द ढुंगानाले प्रस्तावित बैंक अपरिहार्य रहेको उल्लेख गर्दै दर्ता प्रक्रिया अविलम्ब अघि बढाउन आग्रह गरे । नेपाल राष्ट्र बैंकका गभर्नर लामिछानेले चाँडै नै प्रक्रिया अघि बढाइने आश्वासन दिए । बैंक तदर्थ समितिका अध्यक्ष भण्डारीले अनुमतिपत्र पाए लगत्तै बैक सञ्चालनमा आउने बताए । साढे दुई अर्ब रुपैयाँ चुक्ता पुँजी प्रस्ताव गरिएको नेपाल सहकारी बैंक सञ्चालनमा आएपछि यसलाई देशव्यापी रुपमा विस्तार गरिने उनले बताए । सहकारी ऐन २०७४ को दफा १२ मा सहकारी बैंकले संस्था वा संघको बचत स्वीकार गर्ने, त्यस्तो संस्था वा संघलाई ऋण प्रवाह गर्ने वा बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्य लिई संस्था वा संघ आपसमा मिलेर नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिई सहकारी बैंकहरु गठन गर्न सकिने व्यवस्था छ । सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले स्पष्ट व्यवस्था गरे अनुसार बैंक दर्ता प्रक्रिया सुरु भएको हो । सहकारी ऐन र नियमावलीमा भएको व्यवस्था अनुसारका प्रक्रिया पूरा गरेपछि सहकारी विभागमा दर्ता गरी नेपाल राष्ट्र बैंकको अनुमति लिएर बैंकिङ कारोबार सुरुवात गर्ने प्रावधान छ । सोही प्रावधान अनुसार बैंक दर्ता प्रक्रिया अन्तिम चरणमा पुगेको अध्यक्ष भण्डारीले जानकारी दिए ।

## नेप्सेमा दोहोरो अंकको वृद्धि

**काठमाडौं/रासस** – धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले बढेको छ । आइतबार दोहोरो अंकले घटेको बजारमा आज नेप्से परिसूचक १५ दशमलव ७१ अंकले बढेर दुई हजार ८ सय ५१ दशमलव ८८ मा पुगेको हो । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३ दशमलव ०५ अंकले बढेर ५ सय ३५ दशमलव ३२ मा पुगेको छ ।

नेप्से उकालो लागे पनि कारोबार रकम भने खासै बढेको छैन । कूल २ सय २४ कम्पनीको ९५ लाख १२ हजार ५ सय ८० कित्ता सेयर पाँच अर्ब दुई करोड २० लाख १७ हजार १ सय ८१ मूल्यमा खरिद बिक्री भए । सोमबारको कारोबारपछि बजार पूँजीकरण ४० खर्ब ३० अर्ब ७५ करोड ९६ लाख ६० हजार बराबर पुगेको छ ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये आज तीन उपसमूहको सेयर मूल्यमा ओरालो लागेको छ । यस्तै, १० उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । बैंकिङ ३ दशमलव ७८, होटल तथा पर्यटन ४ दशमलव २७ र लघुवित्त ४ दशमलव ३९ अंकले ओरालो लागेको छ । त्यस्तै, व्यापार ७ दशमलव ५१, विकास बैंक २६ दशमलव १५, जलविद्युत् ६ दशमलव ९१, वित्त ८ दशमलव ९२, निर्जीवन बीमा ७६ दशमलव ५, उत्पादन ३४ दशमलव ८७, अन्य ५४ दशमलव १२, जीवन बीमा १ सय २४ दशमलव ९६, सामूहिक लगानी कोष ० दशमलव ०५ र लगानी २ दशमलव ९२ अंकले उकालो लागेको छ ।

# सीबीफीनको नजरमा तरलता अभावका कारण

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २४ माघ



बैंक वित्तीय संस्थाका अध्यक्षहरुको संगठन बैंक तथा वित्तीय संस्था परिसंघ नेपालले बैंकिङ क्षेत्रमा देखिएको तरलताको कारण र समाधानको उपायहरु सम्बन्धमा प्रतिवदन तयार गरेर नेपाल राष्ट्रबैंकका गभर्नर महाप्रसाद अधिकारीलाई बुझाएको छ । सीबीफीनले तयार गरेको प्रतिवेदनले बैंकिङ क्षेत्रमा तरलता अभाव हुनुमा बैंकिङ व्यवस्थापन कै मुख्य भूमिका रहेको विषयलाई औंल्याएको छ । बैंकहरुले अनुत्पादक वा कम उत्पादकत्व क्षेत्रमा उच्च कर्जा प्रवाह गरेको र निक्षेपको लुछाचँडीले तरलता अभाव भएको कुरा प्रतिवेदनमा औंल्याइएको छ । सीजीफीनले घरजग्गा कारोबार, सेयर जस्ता सट्टेबाजी जस्ता क्षेत्रमा गरिने कर्जा लगानीले आर्थिक क्षेत्रलाई चलायमान बनाउन र तरल सम्पत्ति निर्माण गर्न सहयोग नपुऱ्याउने विश्लेषण गरेको छ ।

सीजीफीनले अध्ययनअनुसार २०७८ आषाढमा ४७ प्रतिशत रहेको मुद्दति निक्षेपको अंश २०७८ मंसिर मसान्तमा ५४.३ प्रतिशत पुगेको र बचतको अंश ५४.३ प्रतिशतबाट ३१.५ प्रतिशतमा झरेको छ । बैंकहरुको निक्षेपमा चल्ती र बचतको अंश घट्दै गइरहेको देखिन्छ । मुद्दतिको अंश भने एक्कासी बढ्न गइ तरलता व्यवस्थापनमा दबाव पुगेको औंल्याएको छ । त्यस्तैगरी संघले उपभोग्य अन्तर्गतको अन्य र अन्य शिर्षकमा १० खर्ब ५५ अर्ब लगानी भएको, जुन जम्मा कर्जाको २३ प्रतिशत रहेको जनाएको छ । यस्ता अनुत्पादक क्षेत्रमा कर्जा बढेपछि तरलता व्यवस्थापनमा समस्या देखिनु स्वभाविक भएको संघले प्रतिवेदनमा उल्लेख गरेको छ । प्रतिवेदनमा गत आ. व. मा १० प्रतिशतले घटेको आयात यस अवधिमा ६१.६ प्रतिशतले बढेको, जसकारण आयातमा बढी खर्च हुँदा पूँजी निर्माण हुन नसकिरहेकाले तरलतामा चाप पर्ने गरेको बताइएको छ ।

संघको प्रतिवेदनअनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा भण्डै २५ प्रतिशत योगदान विप्रेषण आप्रवाहको रहने गरेकोमा पछिल्लो समयमा आप्रवाहमा देखिएको कमीले बैंकहरुको तरल सम्पत्ति घट्न पुगको हो । त्यस्तै कर्जाक्षेत्रको सम्बन्धमा २ बर्ष वा त्यो भन्दा बढीको मुद्दति निक्षेपमा करिव १० प्रतिशत रहेकोमा दीर्घकालिन कर्जा ३० प्रतिशत भन्दा पनि बढी रहेको देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार ५९८ अर्ब रुपैंयाँ दीर्घकालिन कर्जा १ बर्ष वा सो भन्दा कम अबधिको निक्षेप वा बचत/चल्ती निक्षेपबाट लगानी भएको देखिएका छ । यस्तो माहामारीको अवस्थाबाट देश गुज्रिरहदा पनि जम्मा कर्जामा निश्कृय कर्जाको अंश जम्मा १.३७ प्रतिशत रहेको छ । कोभिड्को असरको कारण पुर्नतालिकीकरण/पुनरसंरचना गर्नु परेको वा म्याद थप गरिएका कारण किस्ता रकम समयमा आउन नसकेको । तर, मुद्दति निक्षेप नविकरण गर्नुपर्ने दबावका कारण निक्षेप तानातान गर्नुपर्ने अवस्था सिर्जना भई तरलतामा चाप परेको प्रतिवेदनमा उल्लेख गरिएको छ । संघले नेपाल सरकारको पूँजीगत खर्च गर्ने प्रणालीको दयनिय बताउँदै भुक्तानी प्रणाली पनि प्रक्रियामूखी भएको औंल्याएको छ । जसकारणले पनि तरलता अभाव देखिएको संघले निष्कर्ष निकालेको छ ।

### तरलता अभाव समाधानका उपाय

संघले गभर्नरलाई बुझाएको प्रतिवेदनमा तरलता अभावको कारणलाई देखाउँदै समाधानका उपाय पनि औंल्याएको छ । बैंकिङ क्षेत्रमा तरलता अभावको समाधानको उपायको सन्दर्भमा संघले बैंकिङ व्यवस्थापन पक्ष देखि सरकारसम्मलाई सुझाव दिएको छ । प्रतिवेदनले अबका दिनमा तरलता अभावको समस्या समाधान गर्न राष्ट्र बैंकले सीबीफीन, नेपाल बैंसर्क संघ, डेभलपमेन्ट बैंसर्क एसोसिएन नेपाल र नेपाल वित्तीय संस्था एसोसिएसनसँग घनिभुत छलफल गरी समन्वयात्मकरुपमा अघि बढ्नुपर्ने सुझाव दिएको छ । यस्तो समन्यवको पहल गभर्नरले नै लिनुपर्ने कुरा उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ । साथै संघले ब्याजदरमा स्थिरता कायम गर्दै निक्षेपको मिश्रण सुधार गर्ने नीति ल्याउनुपर्ने सुझाव दिएको छ । अबका दिनमा विपन्न बर्गमा भएको कर्जाको सहिरुपमा सदुपयोग गरी विभिन्न वर्गको जीवनस्तर उकास्न र आयात प्रतिस्थापन गर्ने कार्यमा टेवा पुर्याउन एक छुट्टै अध्ययन हुनुपर्ने कुरालाई संघले औंल्याएको छ ।

सरकारी संस्थाहरुमा रहेको मुद्दती निक्षेपहरु न्युनतम ३ वर्ष अवधिसम्म राख्नुपर्ने, बचत र मुद्दतीको ब्याजदर घटाउनुपर्ने सुझाव प्रतिवेदनमा उल्लेख गरिएको छ । उत्पादनमुलक र अनुत्पादक क्षेत्रमा गरिने लगानीको ब्याजदर फरक हुनुपर्ने, आयातमा थप कडाई गरी सम्पूर्ण प्रतितपत्रबाट आयातित वस्तुमा १०० प्रतिशत नगद मार्जिन राख्नुपर्ने जसले गर्दा स्वदेशी वस्तुको प्रयोगलाई प्रोत्साहित गर्ने छ । आयातमा आत्मनिर्भर भएका वस्तुमा आयात प्रतिस्थापन कर लगाउने र आवश्यकता हेरी आंशिक वा पुर्ण बन्देज लगाउने कुरा संघले तरलता व्यवस्थापन गर्ने सुझावको रुपमा उल्लेख गरेको छ । त्यस्तै संघले रोजगारको निमित्त विदेश जाने नागरिकलाई अनिवार्य बैंक खाता खोल्न लगाउने, रेमिट्यान्सको आप्रवाहमा थप १ प्रतिशत ब्याज दिने र विदेश जाने जनशक्तिलाई पनि सामाजिक सुरक्षा कोषमा सहभागी गराउने व्यवस्था गर्नुपर्ने सुझावलाई औंल्याइएको छ । बैंक तथा वित्तीय संस्थाहरुले पनि कोभिड्ले पारेको असरको वस्तुनिष्ठ मूल्यांकन गरी सो असरलाई कम गर्न कर्जा विस्तारमा नियन्त्रण गर्नु उपयुक्त हुने सुझाव उल्लेख गरिएको छ । त्यस्तै सुझावको रुपमा निर्देशित लगानी अन्तर्गत ल्याइएको कर्जा नीति पुनरावलोकन गरिनु उपयुक्त हुने कुरालाई शमावेश गरिएको छ । पूँजीगत खर्च र भुक्तानीको परम्परागत प्रणालीमा व्यापक सुधारका लागि नेपाल राष्ट्र बैंकमार्फत सहजीकरण हुनु आवश्यक देखिएको कुरालाई तरलता अभाव समाधानका लागि बैंकर्सहरुले प्रतिवेदनमार्फत सुझाव औंल्याएका छन् ।

### संक्षिप्तमा अर्थ

## सिटिजन्सको शाखारहित बैंकिङ सेवा सुवानेमा



**काठमाडौं/मस** - सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशका विभिन्न दुर्गम स्थलका बासिन्दाहरुलाई सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ सेवा पुऱ्याउने उद्देश्यका साथ शाखा रहित बैंकिङ सेवा विस्तार गरेको छ । यसै क्रममा बैंकले ललितपुर जिल्लाको बागमती गाउँपालिका, सुवानेमा यहि माघ २२ गतेबाट ९१औं शाखारहित बैंकिङ सेवा प्रारम्भ गरेको छ ।

सो स्थानमा सेवा संचालनका लागि स्थानीय व्यवसायी मन्दिरा न्यौपानेलाई व्यवसायीक प्रतिनिधि नियुक्त गरिएको छ । शाखा रहित बैंकिङको साथै सो स्थानका बासिन्दालाई स्वरोजगार बनाई आर्थिक रुपमा सबल बनाउन बैंकले विभिन्न आयआर्जनका कार्यक्रममा सहुलियतपूर्ण कर्जा समेत वितरण गरेको छ । यसबाट आगामी दिनमा यस क्षेत्रका बासिन्दाले अझ बढी फाइदा लिन सक्नेछ भन्ने बैंकले आशा गरेको छ । यस शाखा रहित बैंकिङबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिलभुक्तानी, उपयोगी सेवाहरुको रकम भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरु उपलब्ध गराउने लक्ष्य राखिएको छ । यस सेवाबाट ग्रामीण क्षेत्रमा बैंक प्रति उल्लेखिय विश्वास एंव बैंकिङ सभ्यताको बिस्तार हुने अपेक्षा बैंकले लिएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी १ सय ७४ वटा शाखा, १ सय २३ वटा एटिएम र ९१ वटा शाखा रहित बैंकिङ ईकाईहरुबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

## यूनियनले ल्यायो जीवन आवरण बीमा योजना

यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
UNION LIFE INSURANCE COMPANY LIMITED

**काठमाडौं/मस** – यूनियन लाइफ इन्स्योरेन्स कम्पनीले नयाँ विशेषतायुक्त प्रकारको जीवन आवरण बीमा योजना संचालनमा ल्याएको छ । कम्पनीले बीमा समितिबाट सो योजना स्वीकृत गराई कार्यान्वयनमा ल्याएको हो ।

कम्पनीले ल्याएको जीवन आवरण बीमा योजनामा बीमा गर्नेहरुको लागि विविध सुविधाहरु उपलब्ध रहेका छन् । बीमा गर्ने ब्यक्ति बीमा अवधि सम्म जिवित रहेमा बीमांक रकम र बोनस उपलब्ध हुनेछ भने बीमा अवधिभित्र कालगतीले मृत्यु भएमा थप बीमांक रकम अर्थात दुई गुणा बीमांक रकम र बोनस उपलब्ध हुने ब्यवस्था रहेको छ ।

यसैगरी दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकमको दुई गुणा बीमांक रकम, अतिरिक्त दुर्घटना लाभ वापत एक करोड सम्म र बोनस रकम उपलब्ध हुनेछ । उक्त योजना लिन चाहनेहरुले न्युनतम एक लाख रुपैया देखि आयश्रोतको आधारमा चाहे अनुसार बीमांक रकमको बीमा गर्न सक्ने ब्यवस्था रहेको छ । साथै न्युनतम ७ बर्षदेखि अधिकतम २५ बर्ष सम्मको अवधि कायम गरी बीमा गर्न सक्ने कम्पनीले जनाएको छ । यस बीमा योजना अन्तर्गत स्थायी अंगभंग सुविधासमेत उपलब्ध हुनेछ ।

उक्त बीमा योजना लिएका बीमितहरुले बीमालेख अन्तर्गत ऋण तथा समपर्ण सुविधा प्राप्त गर्न सक्ने ब्यवस्था रहेको छ । कम्पनीले प्रचलनमा ल्याएको उक्त बीमा योजनामा भएका प्रावधानहरुबाट बीमा गर्ने ब्यक्तिहरुले अधिक लाभ लिन सक्ने कम्पनीका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार लाल कर्णले बताए ।






प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**